अनुसूची- २

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ६ राजपत्रमा प्रकासित मितिः २०८०।०८।२७

भाग-२

बढैयाताल गाउँपालिका

**२०८० सालको कार्यबिधि नं.२**

## कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

***गाँउकार्यपालिकाबाट स्वीकृत मिति २०८०।०८।१३***

**प्रस्तावनाः व्यवसायिक कृषक तथा उद्यमीहरुले संचालन गरिरहेको व्यवसाय र सो को** भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभको आधारमा कृषि, पशुपंक्षी तथा मत्स्य विकास तथा प्रवर्द्धनमा दिइने अनुदान मार्फत उक्त क्षेत्र दिगो र व्यवसायिक रुपमा अगाडी बढ्न सहयोग हुन्छ, तसर्थ यस बढैयाताल गाँउपालिकाबाट कृषि तथा पशुपंक्षी विकास तर्फ संचालित कार्यक्रम व्यवस्थित, सरल,सहज,प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न बढैयाताल गाँउकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकारी प्रयोग गरि कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० लागु गरेको छ

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस कार्यविधिको नाम **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको लागि गाँउपालिका र मातहातका शाखाबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषि

उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ग) “उपभोक्ता समिति” भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरि कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(घ) “कम्पनी” भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनु पर्छ।

(ङ) “कार्यक्रम” भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप/ कार्यक्रमलाई सम्झनु पर्छ।

(च) “कार्ययोजना” भन्नाले दफा ५ बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार सेवाग्राहीले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(छ) “कृषि उपज” भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, पुष्प, पशुपन्छी, माछा, मासु, दूध, फुल, च्याउ, मौरी, घाँसेबाली, तेलहन, दलहन, आदि लगायत कृषि तथा पशुपंक्षीका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँछ।

(ज) “शाखा” भन्नाले गाँउपालिका मातहतका कृषि/पशुपंक्षीशाखाहरुलाई सम्झनु पर्छ।

(झ) “कृषक समूह” भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरु मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ञ) “यस गाँउपालिका/ स्थानीय तह तथा कार्यालय भन्नाले बढैयाताल गाँउपालिका, मैनापोखर, बर्दियालाई सम्झनु पर्छ।

(ट) “पशु” भन्नाले घरपालुवा पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(ठ) “फर्म” भन्नाले प्रचिलत कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ड) “समिति” भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ढ) सहकारी” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

३. “ “ “सरोकारवाला निकायहरुको भूमिकाः कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय

बमोजिमको भूमिका हुनेछः-

(क) गाँउपालिकाको भूमिकाः

- गाँउपालिकाले आफ्नो निती तथा बजेट अनुसार शाखालाइ कार्यक्रम बजेट विनियोजन गर्ने
- गाँउपालिकामा संचालन गर्न सकिने कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको तर्जुमा तथा स्वीकृत गर्ने ।
- गाँउपालिकामा शाखाहरु मार्फत संचालित सवै (संघीय, प्रदेश र आन्तरिक) कार्यक्रमहरुको अनुगमन निरिक्षण गर्ने, आवश्यक सुझाव, निर्देशन सहित पृष्टपोषण दिने ।
- कार्यक्रम प्रभावकारिताका लागि आवश्यक सहजीकरण गर्न ।
- साझेदारीमा विनियोजित कार्यक्रमको हकमा कार्यक्रम सञ्चालनका लागि सहजीकरण गर्ने ।
- सशर्त अनुदानका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने गराउने,

(ख) शाखाको भूमिकाः

- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/सूचकहरुको आधारमा प्रस्तावहरुको माँग, मूल्याङ्कन तथा छनौट गर्ने।
- यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालन शाखाबाट हुने।
- कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन पश्चात् कार्य सम्पन्नताको आधारमा भुक्तानीकोलागी सिफारिस गर्ने,
- सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने गराउने,
- प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने, लेखा राख्न लगाउने,
- प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने अन्य विषय पालन गर्ने, गराउने,
- प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्ने र कार्यक्रमको हकमा प्रतिक्रिया सहितको प्रतिवेदन गाँउपालिकामा पेश गर्नुपर्ने,
- शाखाहरुले प्राविधिक पक्षको सम्भाव्यताको आधारमा नविनतम प्रविधिको प्रदर्शन, बीउ विजन तथा नश्ल स्रोत स्थापना लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ। कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा सम्बन्धित शाखाहरुले नियमित अनुगमन गर्ने।
- पशुपन्छीमा हुने रोगहरुको निदान तथा उपचार गर्ने ।
- पशुपन्छीमा हुने संक्रामक रोगहरु निदान गर्ने ।
- औषधी ब्यवस्थापन गरि पशु चिकित्सा सेवा संचालन गर्ने ।

- पशुहरुमा -गाइ। भैसि। बाख्रा)कृत्रिम गभाएधानको माध्यम बाट नश्ल सुधार गरि पशु जन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
- प्राकृतिक गर्भाधान को व्यवस्थापन गर्ने ।
- पशु तथा पशुजन्य उत्पादन लागत घटाउन वाहै मनि हरियो घांस उत्पादन तथा आहारा व्यवस्थापनमा जोड दिने ।
- स्थानिय चरनर्खर्कको विकास र व्यवस्थापनमा जोड दिने ।
- युवा जनशक्तिरुलाइ स्थानिय क्षेत्रमा नै पशुपन्छी पालन तथा पशुपन्छी जन्य उत्पादनमा लाग्नका लागि प्रात्साहन गर्ने ।
- कृषकको गोठ खोरमा उत्पादित वस्तुहरुको बजारिकरणका लागी सरोकार वालासंग समन्वय गर्ने ।
- ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता र पशु स्वास्थ्य कार्यकर्ताहरु संग समन्वय गर्ने
- मत्सयपालन सम्बन्धि बिभिन्न कार्यक्रम संचालन गरिने छ ।

(ग) अनुदानग्राहीको भूमिका यस कार्यविधिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गर्नेछः

- अनुदानग्राहीले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समयसीमा भित्रै पेश गर्नुपर्ने।
- जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो, सोही कार्यक्रम वा क्रियाकलमपमा मात्र अनुदान प्रयोग गर्नुपर्ने।
- सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखामा पठाउनु पर्ने।
- अनुदानग्राहीका अन्य अधिकार, कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने।
- तोकिएको समयमा कार्य सम्पन्न नभएमा, लागत बृद्धि भएमा वा कुनै हानि नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

४. <u>**कृषि तथा पशुपन्छी विकास कार्यक्रमको सञ्चालनः**</u> (१) कृषि विकास कार्यक्रमको प्रकृति देहाय वमोजिम हुनेछ:-

(क) **प्रविधि परीक्षण, प्रदर्शन, विकास तथा विस्तार सहयोग कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कार्यमुलक अनुसन्धान, अध्ययन तथा प्रविधि परीक्षण, कृषक पाठशाला, सीप तथा क्षमता विकास, जनचेतनामूलक कार्य, दिवस, असल कृषि अभ्यास प्रणाली, प्रविधि प्रदर्शन र प्रविधि विस्तार जस्ता कार्यक्रमहरु शाखाले सञ्चालन गर्नेछ।

(ख) **श्रोत केन्द्र स्थापना तथा उत्पादन सामग्री सहयोग कार्यक्रमः** कृषकलाई आवश्यक पर्ने

गुणस्तरीय उत्पादन सामग्री (मल, बीउ, वेर्ना, बिरूवा, विषादी, आदि) को उपलव्धता सुनिश्चित गर्न श्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यस किसिमका कार्यक्रमले गुणस्तरीय उत्पादन सामग्री स्थानीय स्तरमा उपलब्धताको सुनिश्चितता गराई उत्पादन लागत घटाउन र स्रोत सामग्रीहरूमा आत्मनिर्भर गराउन सहयोग पुग्नेछ। उक्त कार्यक्रमहरु शाखाले आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(ग) **व्यवसाय उन्मुख तथा व्यावसायिक कृषि विकास कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषि व्यवसाय उन्मुख वा व्यावसायिक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नको लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नको लागि व्यवसाय उन्मुख उत्पादनका साथै आयमुलक तथा रोजगारी सिर्जना गर्ने व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।यी कार्यक्रमहरू कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(२) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्रकृति देहाय वमोजिम हुनेछः-

(क) **श्रोत केन्द्र स्थापना तथा बंश सुधार एवं विस्तार सहयोग कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (बोका, राँगो, वीर, थुमा, चल्ला, भुरा, बीउ, वेर्ना, बिरूवा, आदि) को उपलव्धता सुनिश्चित गर्न श्रोत केन्द्र, ब्रिडर हर्ड, मल्टिप्लायर हर्ड स्थापनाका लागि उन्नत राँगो/साढे/बोका/थुमा/ वीर/चल्ला/मत्स्य वीज वितरण गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।यस किसिमका कार्यक्रमले पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गरी स्थानीय स्तरमा उपलब्धताको सुनिश्चितता, उत्पादन लागत न्यूनिकरण र स्रोतमा आत्मनिर्भर गराउन सहयोग पुग्नेछ।यी कार्यक्रमहरु शाखाले आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(ख) **प्रविधि विकास, स्वास्थ्य नियमन र सेवा टेवा सहयोग, परीक्षण तथा विस्तार सहयोग कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कार्यमूलक अनुसन्धान, अध्ययन तथा प्रविधि विकास, परीक्षण, विस्तार, कृषक पाठशाला, सीप तथा क्षमता विकास, जनचेतनामूलक कार्य, दिवस, असल पशुपन्छी तथा मत्स्य अभ्यास प्रणाली, प्रविधि प्रदर्शन र प्रविधि विस्तार पशु स्वास्थ्य प्रवर्द्धन तथा नियमन, सङ्क्रामक एवम् महामारी नियन्त्रण जस्ता प्रविधि विकास तथा सेवा टेवा सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ।यी कार्यक्रमहरु शाखाले आफै वा द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(ग) **पशुजन्य पदार्थको प्रवर्द्धन, विविधिकरण र बजारीकरणः** यस कार्यक्रम अन्तर्गत पशुपन्छी तथा मत्स्य व्यवसाय उन्मुख वा व्यवसायिक कृषक वा उद्यमीबाट उत्पादित पशुजन्य पदार्थको प्रवर्द्धन, विविधिकरण र वजारीकरण गरी कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नको लागि व्यवसाय उन्मुख उत्पादनका साथै आयमूलक तथा रोजगारी श्रृजना गर्ने व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।यी कार्यक्रमहरू यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौताका आधारमा सञ्चालन गर्नेछ।

(३) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको प्रकृति देहाय बमोजिम हुनेछ।

यस कार्यक्रम अन्तर्गत बाली सघनतामा अभिबृद्धि गर्न तेस्रो बालीहरु चैते धान/ वसन्तै मकै/मुङ्ग/सूर्यमुखी/बर्षे आलुमा क्षेत्रफलका मापनका आधारमा र खाद्यान्न, दलहन, तेलहन तथा तरकारी बीउ उत्पादन तथा बिक्री परिमाणका आधारमा प्रोत्साहन कार्यक्रममा कृषकलाई सहभागी गराई प्रोत्साहन सहयोग उपलब्ध गराइनेछ। त्यसैगरी मत्स्य ह्याचरी वा नर्सरीमा मत्स्य बीज, दुध र माछा/मासु/अण्डा (बाखा/भेंडा/बगुंर/रागां/माछा) उत्पादन तथा विक्री परिमाणको आधारमा प्रोत्साहन कार्यक्रममा सहभागी गराइ प्रोत्साहन सहयोग उपलब्ध गराइनेछ।

# परिच्छेद -२

## सञ्चालन गरिने कार्यक्रम

**४. कृषि तथा पशुपन्छी विकास कार्यक्रमको विवरणः** स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहाय बमोजिमका कार्यक्रम सम्बन्धित शाखाबाट सञ्चालन हुनेछन्ः-

**४ (क) कृषि विकास कार्यक्रमहरुको विवरणः** स्वीकृत बार्षिक कार्यक्रमहरू देहाए अनुसार संलग्न मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरू र अनुदान सीमा रकमका आधारमा सञ्चालन गरिनेछ।

| क्र.सं. | कार्यक्रम | मापदण् | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | कृषि प्रविधि प्रदर्शन तथा अन्य प्रदर्शन | • बाली/वस्तु, स्थान, प्रविधि र कृषकको छनोट प्राविधिक सम्भाव्यताको आधारमा शाखाले बाली तथा प्रविधि प्रदर्शनकोलागी खाद्यान्न बालीकोलागी ५ कठ्ठा र दलहन बालीकोलागी ४ र तरकारीकोलागी २ कठ्ठामा गर्नु पर्ने छ<br>• छनोट भएको कृषकले शाखाबाट उपलब्ध कृषि सामग्रीको प्रयोग र संरक्षण गर्नुको साथै शाखाको प्राविधिक निर्देशन पालना गर्ने प्रतिवद्धता हुनुपर्ने।<br>• प्रदर्शनमा प्रयोग गरिने कृषि जन्य सामग्रीहरुलाइ शाखाले कृषकलाइ निशुल्क उपलब्ध गरउने छ । | • मापदण्ड बमोजिम छनोट भएका विषयमा उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण लगायतका विषयहरुमा अनुसन्धान तथा प्रदर्शन गर्ने।<br>• आवश्यक | • शाखाले लागत अनुमान तथा इष्टिमेट स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | सामग्रीहरू र प्राविधिक सहयोग शाखाले गर्ने।<br>• कृषकले प्रतिवद्धता पालना गर्नुपर्ने।<br>• कार्यक्रमको अवधी समाप्त भए पश्चात् सम्बन्धित सामग्री कृषकलाई हस्तान्तरण गर्नुपर्ने।<br>• कार्यलयले प्राविधिक प्रतिवेदन तथा अभिलेखी करण गर्ने। | |
| २ | शाखा परिसरमा आधुनिक प्रविधि प्रदर्शन | • शाखाले शाखा परिसरमा रहेको स्थानको आधारमा बाली/वस्तु र प्रविधिको छनोट गरी कम्तीमा २ कठ्ठामा प्रदर्शन सञ्चालन गर्ने।<br>• शाखाले प्रविधिको उद्देश्य स्पष्ट किटान हुने गरी शाखाले निर्णय गरी सञ्चालन गर्ने। | • प्रदर्शन गरिएको प्रविधिको विषय वस्तुको बारेमा जानकारी दिने ।<br>• शाखाले प्राविधिक प्रतिवेदन तथा अभिलेखी | • कार्य योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | करण गर्ने। | |
| ३ | बाली कटानी तथा तथ्याङ्क अद्यावधिक | • तथ्याङ्क अद्यावधिक गर्नुपर्ने बालीहरुको पहिचान गर्ने।<br>• सिञ्चित र असिञ्चित उत्पादन क्षेत्रहरुको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी बाली कटानी गर्ने क्षेत्रहरु एकिन गर्ने।<br>• छनोट गरिएका क्षेत्रमध्ये (५ फिट * ५ फिट)को नमुना क्षेत्र एकिन गरी बाली कटानी गर्ने।<br>• दुरीको नाप लिनका लागि measuring tape प्रयोग गर्ने।<br>• प्रत्येक उत्पादन क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन रेकर्ड लिने।<br>• फलफूल बाली तथा अन्य बालीहरूको हकमा पालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम हुने। | • छनोट गरिएको नमुना क्षेत्रमा बाली कटानी गर्ने।<br>• बाली कटानी भएको नमुना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने।<br>• लिइएको तथ्याङ्क अनुसार उत्पादकत्वको गणना तोकिएको मापदण्ड बमोजिम गर्ने।<br>• तथ्याङ्क कम्पाइलेसन तथा प्रतिवेदन तयारी गरी रेकर्ड राख्ने अथवा | • एक बाली कटानीमा रू ७५० खर्च गर्न सकिने।<br>• प्रति बाली कटानी पाँच नमुना हुनुपर्ने र<br>• विनियोजित बजेट/कार्यक्रमको परिधि भित्र बाली कटानी संख्या निर्धारण गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |

| | | | | |
|---|---|---|---|---|
| | | | सरोकारवाला निकायमा उपलब्ध गराउने। | |
| १.५ | माटो परीक्षण शिविर | • सम्बन्धित शाखाले प्रादेशिक मल तथा माटो परीक्षण प्रयोगशालाको समन्वयमा शिविर सञ्चालन गर्नुपर्ने।<br>• माटो परीक्षण शिविर कम्तीमा २ दिन सञ्चालन गर्नु पर्ने<br>• माटो परीक्षण शिविर सञ्चालन गर्ने स्थानीय सरोकारवालाको माग र प्राविधिक सम्भाव्यताका आधारमा छनोट हुने।<br>• शाखाले माटो परीक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउने,<br>• कम्तीमा १ हप्ता अगावै माटो नमुना संकलन सम्बन्धी अभियान सञ्चालन गर्नुपर्ने। | • शाखाले माटो परीक्षण शिविर सचालन गर्न आवश्यक रहेका स्थानहरु पहिचान गरी पठाउन सबै वडाहरुलाई पत्राचार गर्ने।<br>• छनोट भएका स्थानमा शिविर सचालन हुने जानकारीको व्यापक प्रचारप्रसार गरी दिन शाखाले सम्बन्धित वडालाई अनुरोध गर्ने।<br>• कृषकहरुबाट | • शाखाले प्रति शिविर कम्तीमा १०० वटा माटोका नमूना परीक्षणका लागि आवश्यक रिएजेन्ट तथा सामग्री खरिद इष्टिमेट अनुसार खर्च गर्ने।<br>• शाखाले आवश्यक रसायन, उपकरण र दै.भ्र.भ.आदि बाहेक प्रचार प्रसार, चियापान, ब्यानर, स्टेसनरी व्यवस्थापन आदिको लागि लागत अनुमान अनुसार खर्च गर्न सकिने। |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धित वडा मार्फत माटो परीक्षण सञ्चालनका माग संकलन गर्ने।<br>• शिविर सञ्चालनमा सङ्कलन भएका माटो नमूना मल तथा माटो परीक्षण प्रयोगशालामा नमूना जाँचका लागि समेत पठाउन सकिने।<br>• माटो नमुना जाँचको रिपोर्ट सुझाब सहित कृषकलाई उपलब्ध गराउनु पर्ने र तथ्याङ्क विश्लेषण प्रतिवेदन तयारी गर्ने।। | |

| | | | | |
|---|---|---|---|---|
| १.६ | बाली उपचार शिविर | • नियमित शिविर सचालन गरिने स्थान छनोट सम्बन्धित शाखाले छनौट गरी सचालन गर्नुपर्ने।<br>• आकस्मिक/घुम्ति शिविर सञ्चालन शाखाको बजेटको परिधि भित्र रही मागका आधारमा सचालन गर्ने।<br>• शिविर सचालन शाखा आफै वा बाली संरक्षण प्रयोगशालाको समन्वयमा गर्नुपर्ने।<br>• बाली उपचार शिविरमा कम्तीमा २५ जना कृषकहरूलाई सहभागि गराउने। | • शिविर सचालनका लागी शाखाबाट सम्बन्धित क्षेत्रका कृषकहरुमा सूचना प्रवाह गराउने।<br>• बाली उपचार शिविर आयोजना व्यवस्थापन का लागि आवश्यक जैविक तथा रासायनिक विषादी शाखाले खरीद गरि कृषकहरुलाइ निशुल्क उपलब्ध गराउने।<br>• बाली विरुवामा लाग्ने रोग तथा कीराको ब्यवस्थापन का लागि सिफारिस गर्ने।<br>• बाली उपचारका तथ्याङ्क | • स्वीकृत लागत अनुमान अनुसार कार्यक्रम सञ्चालन गर्ने।<br>• उक्त शिविरमा १००% अनुदानमा विषादी आदि उपलब्ध गराइने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | विश्लेषण गरी प्रतिवेदन तयारी गर्ने। | |
| १.८ | आकस्मिक बाली संरक्षण सेवा | • शाखाले कुनै क्षेत्रमा आकस्मिक रुपमा बाली तथा विरूवामा शत्रु जीवको प्रकोप देखा परेमा निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्नु पर्ने।<br>• वडा कार्यालयको माँग अथवा रोग अथवा हानिकारक किराको प्रकोप देखिएको स्थान शाखाले छनौट गर्नु पर्ने ।<br>• आवश्यक विषादी तथा हर्मोन कृषकहरुलाइ निशुल्क उपलब्ध गराइने छ । | • शाखाको निर्णय अनुसार कार्यक्रम सञ्चालन हुने।<br>• शाखाले स्प्रेयर, जैविक तथा रासायनिक विषादि, एप्रोन, ग्लोब्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू खरिद गरी ब्यवस्थापन गर्ने।<br>• प्रतिवेदन तयार गर्ने। | शाखाले खर्चको लागत स्वीकृत लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी सञ्चालन गर्ने। |
| | जिवनस्तर सुधार तथा आयआर्जन वृद्धिकालागी विभिन्न वर्ग लक्षित कृषि कार्यक्रमहरु संचालन | • लक्षित समुदायका कृषकहरूलाई दलहन वा तेलहन वा तरकारी बालीका उन्नत बीउ किट लगायत अन्य आवश्यक उत्पादन सामग्री वितरण गर्नुपर्ने।<br>• स्वीकृत कार्यक्रम अनुसार उपलब्ध गराउन सकिने लक्षित | • बाली लगाउने मौसम अनुसार शाखाले खरिद गरी सम्बन्धित समुदायमा तालिम | • बजेटको परिधिभित्र रहीः<br>प्रति किट अधिकतम रू ५०० खर्च गर्ने सकिने। |

<table>
<tr>
<td></td>
<td></td>
<td>वर्गको संख्या र छनौट सम्बन्धित वडा बाट गरिने छ<br>• यस प्रकार छनौट लक्षित वर्गलाइ शाखाले स्वीकृत कार्यक्रम अनुसार निशुल्क उत्पादन सामग्री उपलब्ध गराउनु पर्ने छ ।</td>
<td>संचालन गरि वितरण गर्नुपर्ने।</td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>वडामा बृहतरुपमा यूवा स्वरोजगार कार्यक्रम संचालन</td>
<td>• शाखाले सूचना आह्वान गरी सम्बन्धित प्रस्ताव माग गर्ने।<br>• ४० वर्ष ननाघेको, सरकारी वा गैरसरकारी जागिर नभएको, आफ्नै जग्गा भएको वा कम्तीमा ०५ वर्ष लिज भएको।।<br>• बैदेशक रोजगारबाट फर्केका अथवा सम्बन्धित क्रियाकलापमा संलग्न यूवाहरु अथवा सम्बन्धित क्षेत्रमा विषयगत अध्ययन गरेका यूवाहरु प्राथमिकता पाउनेछन ।<br>• देहायका बाली/वस्तुमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्ने गरी माग गर्नुपर्नेः
<table>
<tr><th>बाली/बस्तु</th><th>तराई</th></tr>
<tr><td>च्याउ (के.जी.बीउ प्रयोग)</td><td>१००</td></tr>
<tr><td>तरकारी खुल्ला (कठ्ठा)</td><td>१०</td></tr>
<tr><td>फलफुल (हे.)</td><td>०.५</td></tr>
<tr><td>संरक्षित संरचनामा तरकारी/पुष्प खेती (वर्ग मि.)</td><td>३००</td></tr>
<tr><td>खाद्यान्न (चैते धान/मसिना वासनादार धान/वसन्ते मकै)/ (हे.)</td><td>१</td></tr>
<tr><td>आलु विउ (हे.)</td><td>०.५</td></tr>
<tr><td>मौरी घार (संख्या)</td><td>५०</td></tr>
</table></td>
<td>• अनुदानग्राहीले माग गरेका बाली तथा बस्तुको उत्पादन तथा प्राथमिक प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरू।</td>
<td>बजेटको परिधि भित्र रहीः<br>• विउविजन,यन्त्रउपकरण/ अन्य सामग्री तथा पूर्वाधार निर्माणको कूल लागतको ५०% वा प्रति आयोजना बढीमा रू. ५० हजार अनुदान उपलब्ध गराउन सकिने।</td>
</tr>
<tr>
<td></td>
<td>आवश्यकतामा आधारित</td>
<td>• गाँउपालिका वा शाखाबाट अनुगमनको क्रममा कृषकको माग उपयुक्त देखी</td>
<td>• अनुगमनकर्ता बाट</td>
<td>शाखाले प्रति अनुदानग्राही कार्ययोजनाको आधारमा</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>कृषि/पशुपन्छी विकास सहयोग कार्यक्रम</td>
<td>अनुगमनकर्ताबाट लेखी आएको खण्डमा कृषकहरुको सामान्य आवश्यकता पुरा हुने खालका वस्तुगत/प्रविधिगत सहयोग उपलब्ध गराउन सकिने।<br>• विगत तीन आ.व.मा सम्बन्धित विषय वस्तुमा कुनै किसिमको अनुदान नलिएको हुनुपर्ने।<br>• कृषकले अनुगमनकर्तालाई स्थलगत रूपमा निवेदन दिनुपर्ने।</td>
<td>कार्यालयमा प्राप्त कृषकको निवेदन र आवश्यक कागजात जाँचबुझ गरी कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहयोग हुने यन्त्र, उपकरण तथा अन्य सामाग्रीहरु सम्बन्धित शाखाले उपलब्ध गराउन सक्नेछ।</td>
<td>अधिकतम् रू. १० हजारसम्म बस्तुगत सहयोग उपलब्ध गराउने।</td>
</tr>
<tr>
<td>१.९</td>
<td>पालिका/वडा विशेष कृषि उत्पादन कार्यक्रम संचालन</td>
<td>• कार्यक्रममा नै बाली बस्तु तोकिएको हकमा सोही अनुसार र नतोकिएको हकमा तपसिलको सूचिबाट शाखाले प्राथमिकता तोकी बढीमा २ वटा बाली वस्तुमा कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• शाखाले सम्बन्धित वडाहरुबाट ताँहा उत्पादन गर्न सकिने समभावित बालीको विवरण माँग गर्ने र यस पश्चायत सामूहिक वा एकल रुपमा देहायका बाली/वस्तुहरूमा एकै क्लष्टरमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्ने गरी माग गर्नुपर्नेः
<table>
<tr><th>बाल /वस्तु</th><th>तराई</th></tr>
<tr><td>च्याउ (कि.ग्रा. बीउ प्रयोग)</td><td>१००</td></tr>
</table>
</td>
<td>निजी फार्म वा समुह वा सहकारीले माग गरेका बाली तथा बस्तुको उत्पादन सामग्रीहरू, उपकरणहरू, सङ्कलन, प्राथमिक प्रशोधन सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने</td>
<td>• विउविजन,यन्त्रउपकरण/ अन्य सामग्री तथा पूर्वाधार निर्माणको कूल लागतको ५०% वा अधिकतम अनुदान सीमा दर देहाय अनुसार हुनेछ।
<table>
<tr><th>बाली/ वस्तु</th><th>अनुदान रकम रू</th></tr>
<tr><td>च्याउ</td><td>३० हजार प्रति १०० कि.ग्रा. बीउ प्रयोग</td></tr>
<tr><td>लसुन /</td><td>०.५ लाख</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>तरकारी खुल्ला/वगर (हे)</td><td>१</td></tr>
<tr><td>लसुन/ प्याज (हे.)</td><td>१</td></tr>
<tr><td>मौरीपालन घार</td><td>५०</td></tr>
<tr><td>फलफुल (हे)</td><td>१</td></tr>
<tr><td>आलु (हे.)</td><td>२</td></tr>
<tr><td>खाद्यान्न (चैते धान/ मसिना धान/ वासनादार धान/ वसन्ते मकै/गहुँ (हे.))</td><td>३</td></tr>
<tr><td>दलहन/तेलहन बाली (हे.)</td><td>२</td></tr>
<tr><td>प्लाष्टिक घरमा खेती मल्चिङ्ग, ड्रिप सहित</td><td>न्यूनतम ३०० वर्ग मि</td></tr>
</table>
</td>
<td>क्रियाकलापहरू ।<br>•</td>
<td>
<table>
<tr><td>प्याज</td><td>प्रति हे.</td></tr>
<tr><td>तरकारी खुल्ला</td><td>१ लाख प्रति हे.</td></tr>
<tr><td>मौरी</td><td>१ लाख</td></tr>
<tr><td>फलफुल</td><td>१ लाख प्रति हे.</td></tr>
<tr><td>आलु</td><td>१ लाख प्रति हे.</td></tr>
<tr><td>वासनादार धान/ वसन्ते मकै</td><td>५० हजार प्रति हे.</td></tr>
<tr><td>दलहन/ तेलहन बाली</td><td>५० हजार प्रति हे.</td></tr>
<tr><td>प्लाष्टिक घरमा खेती</td><td>५० हजार प्रति ३०० वर्ग मि</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>२.१</td>
<td>तरकारी/फलफूल/ पुष्प नर्सरी स्थापना/ स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कार्यक्रम (वर्षे फलफूल, हिउँदे फलफूल, मौरी, लगायत)</td>
<td>• विरुवा उत्पादनको लागि निर्धारित जग्गा उपलव्ध भएको हुनुपर्ने । यदि जग्गा लिजमा लिएको भए कम्तीमा ०५ वर्षको करार सम्झौता हुनुपर्ने।<br>• विरुवा उत्पादन कार्ययोजना तयार गरी लागु गर्ने ।<br>• नर्सरी/विरुवा उत्पादन सम्बन्धी कार्य गर्ने उद्देश्य भई सम्बन्धित निकायमा दर्ता भएका फार्म/कम्पनी, समूह/सहकारी हुनुपर्ने।<br>• नया कृषकले तपशिल बमोजिम मापदण्ड पूरा गर्ने गरी प्रस्ताव पेश गर्नुपर्ने र तलको मापदण्ड बमोजिम संचालनमा रहेका कृषकले तल दिइएका मापदण्डको आधा थप गर्ने गरी प्रस्ताव पेश गर्नुपर्ने।
<table>
<tr><td>बाली</td><td>क्षेत्रफल</td></tr>
<tr><td>फलफूल (कट्ठा) नर्सरी</td><td>३</td></tr>
<tr><td>मौरी गोला सहितको घार (संख्या)</td><td>५०</td></tr>
</table>
</td>
<td>• नर्सरी व्यवस्थापनका लागि माउ बोट, रूटस्टक, सायन, वीउ तथा बेर्ना खरीद, प्राङ्गारिक मल, कोकोपिट, विषादी, पोलीपट, नर्सरी ट्रे आदि खरीद।<br>• मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायतका कार्य।</td>
<td>• विउविजन,यन्त्रउपकरण/ अन्य सामग्री तथा पूर्वाधार निर्माणको कूल लागतको ५०% वा प्रति आयोजना बढीमा रू. ३० हजार अनुदान उपलब्ध गराउन सकिने।</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>आलु बीउ स्रोत केन्द्र (कठ्ठा)</td><td>१०</td></tr>
<tr><td>तरकारी/पुष्प नर्सरी (कठ्ठा)</td><td>३</td></tr>
</table>
कम्तीमा ५ वर्ष निरन्तर स्रोत केन्द्र सञ्चालन गर्नुपर्ने र उत्पादित उपज सहुलियत दरमा कृषकलाई उपलब्ध गराउने प्रतिवद्धता गर्नुपर्ने।
</td>
<td>
• नर्सरी सेड/नेट, स्क्रीन हाउस लगायत औजार/उपकरण (स्प्रेयर, प्रुनर, बडिङ्ग/ग्राफ्टिङ चाक्कु) आदि खरिद/निर्माण ।<br>
• उत्पादन सामग्री खरिद।<br>
• यन्त्र उपकरण खरिद।<br>
• प्याकेजिङ्ग समाग्रीहरू।
</td>
<td></td>
</tr>
<tr>
<td>२.२</td>
<td>बीउ आत्मनिर्भर तथा वीज बृद्धि कार्यक्रम:<br>१. खाद्यान्न बाली/ दलहन/ तेलहन बीउ उत्पादन<br>२. तरकारी बाली बीउ उत्पादन<br>3 आलुका विभिन्न स्तरका बीउ उत्पादन</td>
<td>
बीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम् देहायको क्षेत्रफलमा सञ्चालन गर्नु पर्नेः
<table>
<tr><td>बिज बृद्धि</td><td>तराई (कठ्ठा)</td></tr>
<tr><td>तरकारी बीउ</td><td>३</td></tr>
<tr><td>खाद्यान्न बाली बीउ</td><td>१५०</td></tr>
<tr><td>दलहन/ तेलहन बीउ</td><td>६०</td></tr>
<tr><td>आलु बीउ (विभिन्न स्तर)</td><td>३०</td></tr>
</table>
• एकल वा सामूहिक बीउ उत्पादन गर्न सकिने<br>
• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने।<br>
• बीउ बिजन कारोवार गर्ने अनुमतिपत्र लिएको संस्था वा त्यस्तो संस्थासंग समन्वय गर्ने प्रतिवद्धता हुनुपर्ने।<br>
• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने।
</td>
<td>
• उत्पादन सामग्रीः स्रोत बीउ, सुचिकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्म तत्व<br>
• प्याकेजिङ सामग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र, भण्डारण आदि उपकरणहरू
</td>
<td>
वार्षिक स्वीकृत बजेट परिधि भित्र रहीः<br>
• तरकारी बीउ उत्पादनमा प्रति हेक्टर अधिकतम रु. १ लाख,<br>
• आलु (विभन्न स्तर) बीउ प्रति हेक्टर रू ८० हजार,<br>
• खाद्यान्न/ दलहन/तेलहन बीउ उत्पादनमा प्रति हेक्टर रु. ८० हजार अनुदान दिइने।<br>
• उपरोक्त अनुदानमा विउ उत्पादक अथवा अनुदानग्राहीको लगानी कम्तीमा ५०% हनु पर्ने
</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | मा सहयोग गर्न सकिने। | |
| 2.५ | च्याउ बीउ उत्पादनका लागि प्रयोगशालालाई सहयोग | • च्याउ बीउ उत्पादन गर्ने उद्देश्य सहित दर्ता भएको सहकारी। फर्म। कम्पनी हुनुपर्ने।<br>• प्रयोगशाला सञ्चालन गर्ने संरचना निर्माण भइसकेको हुनुपर्ने।<br>• तालिम प्राप्त जनशक्ति भएको हुनुपर्ने।<br>• वार्षिक न्यूनतम २००० के.जि. च्याउ बीउ उत्पादन गर्नुपर्ने। | • मेशिनरी (अटोकेलेभ, लेमिनार फ्लो, आदि) तथा रसायन, मदर कल्चर, आदि खरिदमा सहयोग | • ५० प्रतिशत वा बढीमा रू. ३ लाख अनुदान। |
| ३.५ | जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा प्रवर्द्धन | • शाखाले कृषक समुह वा सहकारी संगको सहकार्यमा जैविक विषादी उत्पादन तथा प्रदर्शन कार्य सञ्चालन गर्नुपर्ने।<br>• उत्पादित जैविक तथा वानास्पतिक विषादी प्रदर्शन गर्नुपर्ने। | • जैविक तथा वानस्पतिक विषादी उत्पादन गर्न आवश्यक सामग्री खरिद गर्ने<br>• पालिकामा यसरी उत्पादन भएका जैविक विपादीको प्रयोगको प्रवर्द्धन गर्न उत्पादन पक्ष द्धारा यस्ता विपादीको तोकेको मूल्यमा गाँउपालिकाले खरीद गरि | • शाखाले स्वीकृत परिधिभित्र सञ्चालन गर्नुपर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक कृषकलाइ निशुल्क उपलब्ध गारउन सक्ने छ । | |
| ३.७ | च्याउ उद्योग स्थापना र सञ्चालन (गोब्रे, कन्ये, अन्य) | • च्याउ उत्पादन, तथा प्रशोधन उद्देश्य लिई प्रचलित नियमानुसार दर्ता भएको हुनु पर्ने।<br>• वार्षिक न्यूनतम ५०० कि.ग्रा. बीउ प्रयोग गरी उत्पादन व्यवसाय गर्ने।<br>• प्रस्ताव तयार गर्दा भौतिक पुर्वाधार निर्माणको डिजाईन, लागत ईष्टिमेट, औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम सहितको ब्यसायिक योजना हुनुपर्ने। | • आधुनिक प्रविधियुक्त च्याउ घर/ च्याउको टहराहरु निर्माण/सुधार ।<br>• ग्रेडिंग, प्याकेजिङ तथा लेबलिङ्ग।<br>• प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु चिस्याउने तथा सुकाउने मेसिनरीहरु ।<br>• बजारीकरण को लागि ढुवानी साधन। | • कूल लागतको ५० प्रतिशत वा बढीमा रू. १.५ लाख अनुदान। |
| ३.१० | बजार पूर्वाधार निर्माण (हाट बजार, संकलन केन्द्र, कृषि | • कृषक समुह/सहकारी/बजार समिति मार्फत सञ्चालन गर्ने।<br>• स्थायी संरचनाको हकमा प्रस्तावकको नाममा र अस्थायी संरचनाको हकमा | • कृषि बजार पूर्वाधार निर्माण। | • सामुदायिक पूर्वाधारमा ७५ प्रतिशत<br>• निजी पूर्वाधारमा ५० प्रतिशत। |

| | | | | |
|---|---|---|---|---|
| | उपज बजार) | परम्परा सञ्चालनमा रहेको हाटबजारमा स्थानीय तहको सिफारिस भएको वा कम्तीमा १० वर्षको लिजमा लिएको जग्गा हुनुपर्ने।<br>• स्थानीय तहको समन्वयमा गर्न सकिने। | | |
| ३.१५ | प्राङ्गारिक टोल विकास कार्यक्रम | • शाखाले प्राविधिक कार्यदल बनाई उपयुक्त स्थान छनोट गर्ने।<br>• कम्तीमा १५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• नमुना प्राङ्गारिक टोल विकास समिति वा समुह वा सहकारी मार्फत सञ्चालन गर्ने।<br>• स्वीकृत बजेटको परिधिभित्र रही अनुदान ग्राहीको साझेदारीमा कार्य योजना स्वीकृत गरी सञ्चालन गर्ने। | • प्राङ्गारिक खेती, उत्पादन, प्रमाणीकरण, बजारीकरण गतिविधिहरू सञ्चालनमा सहयोग गर्ने<br>• क्षमता अभिबृद्धि,<br>• भकारो सुधार, कम्पोष्ट मल, प्राङ्गारिक मल तथा जैविक विषादि उत्पादन,<br>• बीउ, बेर्ना, सिंचाइ लगायतका अन्य क्रियाकलापहरूमा सहयोग गर्ने। | • सामुदायिक पूर्वाधार निर्माण तथा सामुदायिक रूपमा प्रयोग हुने यन्त्र उपकरणमा ७५ प्रतिशत<br>• अन्य सामाग्रीमा ५० प्रतिशत अनुदान। |

| | | | | |
|---|---|---|---|---|
| ३.२२ | गाँउपालिका स्तरीय कृषक सम्मान पुरस्कार कार्यक्रम | • उत्कृष्ट कृषक/उद्यमी छनोटका आधार राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यविधि, २०७१ (दोश्रो संशोधन, २०७५) लाई आधार मानिनेछ।<br>• १ महिना अवधिको म्याद दिई सूचना प्रकाशन गरी वडाहरुमा जानकारी गर्नुपर्ने।<br>• उक्त कार्यक्रम संचालनमा नितिगत कठिनाइ भएमा कार्यपालिकाको निर्णयलाइ आधार मानिने छ । | • पालिकास्तर कृषक समन्वय समितिले उत्कृष्ट कृषक/उद्यमी छनोट गर्ने।<br>• पुरस्कार वितरण कार्यक्रम सञ्चालन गर्ने। | पुरस्कार रकम राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यविधि तथा कार्यपालिकाले तोके अनुसार हुनेछ। |
| ३.२८ | मसिना तथा वास्नादार धान प्रवर्द्धन कार्यक्रम | - मसिना वा वास्नादार वा मसिना वास्नादार धान खेती गरेको हुनुपर्ने<br>- सामूहिक रुपमा कम्तिमा ५ हे. र एकल रुपमा कम्तीमा १ हे. मा धान खेती गरेको हुनुपर्ने। | - बीउ (ढुवानी सहित),<br>- विषादी,<br>- सुक्ष्म खाद्य तत्व,<br>- साना यन्त्र उपकरण। | - बीउमा ७५ प्रतिशत।<br>- उत्पादन सामाग्री तथा साना यन्त्र उपकरणमा ५० प्रतिशत। वा<br>प्रति हे. अधिकतम रु. ५० हजार । |
| ३.२९ | प्राङ्गारिक मल उद्योग स्थापना | - सम्बन्धित निकायमा दर्ता भएको फर्म/कृषक समूह/कृषि सहकारी/संस्था/कम्पनी हुनु पर्ने।<br>- उक्त फर्म/कृषक समूह/कृषि सहकारी/संस्था/कम्पनीको प्राङ्गारिक मल स्थापना तथा सञ्चालन गर्ने उद्धेश्य रहेको हुनुपर्ने। | - टहरो निर्माण र मल प्रशोधन मेसिनरी र अन्य उपकरण<br>- मल उत्पादन को लागि कच्चा पदार्थ काठको धुलो, | - पूर्वाधार (टहरो निर्माण)मा ७५ प्रतिशत।<br>- मेसिनरी उपकरण तथा कच्चा पदार्थमा ५० प्रतिशत।<br>- कूल लागतको ६० प्रतिशत पूर्वाधार निर्माणमा लगानी गर्नुपर्ने।<br>- प्रति उद्योग अधिकतम रु. १५ लाख अनुदान। |

| | | | | |
|---|---|---|---|---|
| | | | bone meal, waste decompo ser लगायत अन्य | |
| ३.३ ० | फलफूल विरुवा वितरण अनुदान | - उन्नत जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ वगैंचा स्थापना गरेको हुनुपर्ने।<br>- सामूहिक वा एकल रुपमा एउटै चक्लामा वगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिइने।<br>- शाखाले कृषकहरुलाइ सम्बन्धित वडा मार्फत अथवा शाखाबाट सोझै उपलब्ध गराउन सक्ने छ। | - विभिन्न जातका उन्नत फलफूल विरुवा खरिद, ढुवानी र वितरण तथा वडाहरुमा प्रचार प्रसार | फलफूल विरुवा स्वीकृत कार्यक्रममा तोके अनुसार अथवा अधिकतम ७५ प्रतिशत अनुदानमा तपसिल अनुसारको प्राथमिकताक्रमका आधारमा खरिद गर्नुपर्ने।<br>१ जिल्ला दर रेट,<br>२ सरकारी मूल्य,<br>३ प्रचलित दर रेट। |
| ३.३ २ | साना कृषि मेसिनरी औजार उपकरण वितरण | • सम्बन्धित निकायमा दर्ता भएको कृषि उद्यमी /कृषक समूह/ कृषि सहकारी संस्था वा कृषि कार्यमा संलग्न कृषक हुनु पर्ने।<br>• उपलब्ध गराइने मेशिनरी औजार कार्यपालिकाको निर्णय अनुसार हुने छ ।<br>• एकै प्रकृतिको यन्त्र उपकरणको भुक्तानीमा एकरुपता कायम गर्न सम्बन्धित शाखाले अनुदानको अधिकतम सीमा तोक्न सक्नेछ।<br>• सिंचाइ मोटरको हकमा खाद्यान्न तथा अन्य बालीको हकमा १५ र तरकारीको लागी ५ कठ्ठामा खेती गरेको हुनु पर्ने ।<br>• अनुदानग्राहीको निजी सिंचाइ बोर लगायत प्रयोगको औचित्य प्रष्ट हुनु पर्ने । | साना कृषि मेसिनरी औजार उपकरणहरु खरिद।<br>खरिद प्रकिया प्रचलित कानून अनुसार गर्नुपर्ने। | • साना कृषि मेसिनरी औजार उपकरणहरुमा ५० प्रतिशत वा बढीमा रु.२० हजार। |
| ३.३ ७ | कृषि/ पशुपंक्षी विमाको प्रिमियममा सहयोग | बाली तथा पशु पन्छीको बीमा गरी भुक्तान गरेको हुनुपर्ने।<br><u>कागजातहरू</u> | • निवेदनका साथ बीमा लेख, | संघीय अनुदान बाहेकको बाँकी प्रिमियम रकम गाँउपालिकाको निर्णय वा |

| | | | | |
|---|---|---|---|---|
| | | • निवेदन<br>• बीमा लेखको प्रतिलिपि<br>• प्रिमियम शुल्क बुझाएको रसिदको प्रतिलिपि<br>• नागरिकताको प्रतिलिपि | प्रिमियम शुल्क र अन्य कागजात तथा प्रमाणका आधारमा अनुदान दिने।<br>• बीमा समितिसंग समन्वय गरी बीमा भुक्तानी प्रक्रिया प्रभावकारी बनाउन सकिने। | स्वीकृत कार्यक्रम अनुसार अनुदान उपलब्ध गराउन सक्ने। |
| ३.४१ | करेसाबारी कृषि कार्यक्रममा स्थानीय उत्पादन उपभोक्ताबाट टनेल निर्माण | • उपभोक्ता कृषक वा कृषक समूहबाट करेसाबारी कृषि कार्यक्रम सञ्चालन हुने।<br>• कार्यक्रम सञ्चालन हुने हरेक घरमा करेसाबारीमा कम्तीमा १ कठ्ठा जग्गामा तरकारी उत्पादन गरेको हुनुपर्ने।<br>• न्यूनतम २५ घरधुरी सहभागी हुनुपर्ने। | • बाँस अथवा फलामका टनेल निर्माण सामग्री<br>• प्लाष्टिक मल्चिङ<br>• करेसाबारी र टनेल निर्माण बारे तालीम | स्वीकृत लागत अनुमान अनुसार उपभोक्ताको जनश्रमदान रहने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। अथाव प्रति करेसाबारी अधिकतम रु १० हजार उपलब्ध गराउन सकिने छ । |
| ३.४३ | बीउ आलुको शित भण्डार शुल्कमा सहयोग कार्यक्रम | • उपभोक्ता समिति, समूह, सहकारी, निजी फर्म वा कृषकले विउ आलु उत्पादन गरेको हुनु पर्ने ।<br>• स्थानीय स्तरमा आलु बीउ उत्पादन भई शित भण्डारणमा भण्डारण गरेको हुनुपर्ने। | • शीत भण्डार अनुदान विउ आलुमा मात्र दिइने छ । | • भण्डारण अनुदान स्वीकृत कार्यक्रममा तोकेको प्रतिशत अथवा बढिमा भण्डारण लागतको ५० प्रतिशत अनुदान उपलब्ध गराउने । |

| | | | | |
|---|---|---|---|---|
| | | | • आलु विउ यसै पालिकामा उत्पादन भएको हुनु पर्ने ।<br>• भण्डारण अनुदान बढिमा एक जना अनुदानग्राहीलाइ तोकेको मापदण्डमा १५० बोरा आलु विउमा उपलब्ध गराउने<br>• शाखाबाट माँग गरिएको अन्य आवश्यक कागजात उपलब्ध गराउनु पर्ने । | |
| | कृषक भ्रमण कार्यक्रम | • भ्रमणकोलागी कृषक छनौट गर्दा कुनै कार्यक्रमबाट भ्रमण योजना भए सोही कार्यक्रममा सहभागी कृषक उक्त भ्रमणमा सहभागी गराउने ।<br>• भ्रमण कार्यक्रम स्वीकृत भएकोमा शाखाको सूचना अनुसार कृषक,समूह र सहकारी सहभागी हुन पाउने। | • भ्रमण कार्यक्रममा छनौट भएका कृषकहरु लाइ शाखाले कृषि सँग सम्बन्धित जिल्ला | भ्रमण कार्यक्रम स्वीकृत कार्यक्रममा तोके अनुसार अथवा नेपाल सरकारको नर्मस भित्र हुने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | भित्र वा जिल्ला बाहिर रहेका कृषि फर्म वा कृषि अनुसन्धान केन्द्रहरुमा भ्रमण बढिमा ७ (सात) दिनको भ्रमण कार्यक्रम संचालन गर्न सकिने छ । | |
| | विभिन्न कृषि जन्य उत्पादन सामग्री (च्याउ विउ, उन्नतजातको धान/गँहु, तरकारी विउ फलफूल बेर्ना, आलु विउ) आदी वितरण | • गाँउपालिकाबाट खरीद भएका कृषि जन्य उत्पादन सामग्री वितरणका लागी<br>• गाँउपालिका, वडा कार्यालय अथवा सम्बन्धित शाखाले उत्पादन सामग्रीको माँग र उपलब्धताको आधारमा उपलब्ध गराउन सक्ने छ ।<br>• उक्त कार्यक्रममा सामुहिक रुपमा खेती गरिने कृषक, समूह र सहकारीलाइ प्राथमिकता दिइने छ । | • शाखाले सामग्रीहरु वितरण पूर्व वडाहरुमा प्रचार प्रसार अथवा सूचना प्रवाह गर्नु पर्ने ।<br>• शाखाले वडा कार्यालयहरुबाट अथवा सोझै शाखाबाट वितरण कार्यक्रम संचालन गर्न सक्ने छ ।<br>• कृषि | • अनुदान सीमा खरीद सामग्रीमा स्वीकृत कार्यक्रममा तोके अनुसार हुने छ अथवा बढिमा ७५% हुन सक्ने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | उत्पदन सामग्रीहरु को वितरण सीमा वडा बाट वितरण गरिने भए सम्बन्धित वडा कार्यालय र शाखाबाट भए शाखाले निर्धारण गर्ने छ । | |
| | कृषि तथा पशुपंक्षी विकास सँग सम्बन्धित पालिका अथवा वडा स्तरीय तालिम संचालन | • पालिका स्तरीय कृषि तथा पशुपंक्षी तालिम बढिमा ३ दिनको र वडा स्तरीय १ दिनको हुने छ<br>• उपरोक्त तालिमहरुमा विषयवस्तु सँग सम्बन्धित सहभागीको संख्यामा बढिमा २५ जनामा हुन सक्ने छ । | • सम्बन्धित विषयवस्तुमा प्रशिक्षक द्धारा तालिम उपलब्ध गराइने छ ।<br>• तालिमको क्रममा प्रयोगात्मक शिप विकासकोलागी सामग्री खरीद गरि संचालन गरिने छ ।<br>• तालिममा १ दिनमा बढिमा ४ वटा कक्षा संचालन गरिने छ एक जना प्रशिक्षकले | तालिममा ब्यवस्थापन, स्टेशनरी,खाजा,प्रशिक्षक भत्ता लगायत विभिन्न भत्ताहरु संलग्न अनुसूची -०९अनुसार खर्च गरिने छ र पालिका भन्दा बाहिर संचालन गरिने गोष्ठी, सेमिनार आदि कार्यक्रम स्वीकृत ईष्टिमेट अनुसार खर्च गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | १ दिनमा बढिमा २ वटा कक्षा संचालन गर्न पाउने छन । | |
| | विभिन्न बालीमा कृषक पाठशाला संचालन | • कृषक पाठशाला २५ जना मिश्रीत कृषक समूहमा संचालन गर्ने ।<br>• उक्त पाठशाला अन्न बालीको हकमा ३ कठ्ठा र तरकारी/आलुको हकमा कम्तिमा १.५कठ्ठामा संचालन हुनु पर्ने ।<br>• पाठशाला संचालन IPM तालिम प्राप्त कर्मचारी/सहजकर्ता मार्फत गर्ने कार्यालयमा तालिम प्राप्त कर्मचारी उपलब्ध नभए करारमा सहजकर्ता संग सम्झौता गरि पाठशाला संचालन गर्ने । | • पाठशाला वर्ष भरिमा बढिमा ३ बालीमा बाली अवधिभर कृषक समूले निर्धारण गरेको दिन र समयमा संचालन गरिने छ । | पाठशाला अवधिमा हुने गोष्ठी,तालिम, छलफल अथवा दिवस आदि लगायत विभिन् संचालन खर्चमा स्वीकृत ईस्टीमेट अनुसार अथवा १ बालीमा बढिमा रु १ लाख सम्म खर्च गर्न सकिने छ । |
| | कृषि संग समबन्धित विभिन्न सूचनामूलक र चेतनामूलक लीफलेट, पम्पलेट र होर्डिङ्ग बोर्ड आदि प्रकाशन तथा वितरण | शाखाले आवश्यकता अनुसार जनचेतान मूलक सामग्रीहरु तयार गरि ब्यक्ती बढि आवत जावत हुने स्थानमा स्थापना अथाव वितरण गर्न सक्ने छ । | • कृषि जन्य चेतनमूलक सामग्री हुनु पर्ने । | स्वीकृत कार्यक्रम अथवा लागत इष्टिमेट अनुसार खर्च गर्न सकिने । |

४ (ख) **पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको विवरणः** स्वीकृत बार्षिक कार्यक्रम अनुसारको संलग्न मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरू र अनुदान सीमा रकमका आधारमा देहाय बमोजिम सञ्चालन गरिनेछ।

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) |
|---|---|---|---|---|
| १ | **दुध उत्पादन कार्यक्रम** | | | |

| | | | | |
|---|---|---|---|---|
| | मिल्क क्यान वितरण | सहभागी हुने प्रस्तावक (कृषक/फर्म) ले दुध उत्पादक सहकारी सहभागि हुन पाउने,<br>प्रति प्रस्तावक अधिकतम ५ वटा पशु पालेको वा,दुध उत्पादकको हकमा दैनिक कम्तीमा १० देखि ४० लिटर दुध उत्पादन भएकोलाई सहभागि हुन पाउने। | मिल्क क्यान (१० देखि ४० लिटर) | स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न सकिने। |
| २ | **पशु स्वास्थ्य कार्यक्रम** | | | |
| | पशु स्वास्थ्य शिविर | सम्बन्धित क्षेत्रमा सेवा प्रवाह हुनु पर्ने।<br>प्रति शिविर कम्तिमा ५० घरधुरी लाभबन्वित हुनु पर्ने | स्थान र कृषकको छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले निम्नानुसारका कार्य गर्नेः<br>(क) औषधोपचार,<br>(ख) खोप,<br>(ग) परजीवि नियन्त्रण,<br>(घ) गर्व परीक्षण<br>(ङ) प्रजनन विकृती उपचार। | स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम निशुल्क सञ्चालन गर्न सकिने। उक्त शिविर संचालन गर्दा बाहिरबाट विशेषज्ञ बोलाउनु परेमा निजलाइ दै.भ्र.भ.उपलब्ध गराउन सकिने छ । |
| | डिस्पेन्सरि संचालन औषधी खरिद तथा निशुल्क वितरण | पशुपन्छी तथा मत्स्यपालन तर्फ कृषकस्तरमा समस्या आई कार्यालयमा समस्या पहिचान, उपचार तथा रोकथामको लागि डिस्पेन्सरी संचालन | (क) औषधोपचार,<br>(ख) परजीवि नियन्त्रण,<br>(ग) गर्व परीक्षण<br>प्रजनन विकृती उपचार | स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न सकिने। |
| | ब्यावसायिक फार्ममा परिजिवि नियन्त्रण | ब्यावसायिक पशुपंक्षि तथा मत्स्य फार्ममा स्थलगत प्राबिधिक अनुगमन गरि प्राबिधिक प्रामर्श तथा परिजिविनियन्त्रणको समस्या पहिचान तथा उपचार | प्राबिधिक सुझाव तथ परिजिविनियन्त्रण | स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न सकिने। |
| | पशु प्राबिधिक एप्रोन | पशु स्वास्थय कार्यकर्ता तथा ग्रा.प.स्वा.कार्यकर्ता एंव पशु प्राबिधिक लाई परिचालन गर्न | एप्रोन वितरण | स्वीकृत बजेटको परिधि भित्र रही सञ्चालन गर्न सकिने। |

| | | | | |
|---|---|---|---|---|
| | ब्यावसायिक फार्ममा प्राबिधिक अनुगमन | गाउपालिका भित्र रहेका ब्यावसायिक फार्ममा आवश्यकता अनुसार अनुगमन गरिने | कृषक लाई प्राबिधिक सल्लाह,सुझाव प्रदान गरिने र औषधी वितरण गरि परजीवि नियन्त्रण गर्ने | स्वीकृत बजेटको परिधि भित्र रही सञ्चालन गर्न सकिने। |
| | बिभिन्न खोप लगाए वापत पशु स्वा.का.कर्ता पारिश्रमिक | • कम्तीमा ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम लिएको भक्सिनेटर हुनु पर्ने।<br>• भ्याक्सिनेटरले खोप लगाएको संख्या सम्बन्धित वडा कार्यालय बाट प्रमाणित हुन पर्ने। | • भ्याक्सिनेटर नियुक्ति।<br>• भ्याक्सिनटेरहरुलाई अभिमुखिकरण तालिम तथा गोष्ठी । | • भ्याक्सिनेटरलाई पशुमा खोप लगाएको सेवा शुल्क बापत ठूलो पशुका लागि रु १० र सानो पशुका लागि रु ५ प्रति गोटा तथा ईन्धन उपलब्ध गराउन सकिने छ । |
| | बिभिन्न संक्रमक तथा महामारी रोग बिरुध खोप खरिद कार्यक्रम तथा निशुल्क संचालन | • महामारी वा प्रकोप भएको हुनुपर्ने।<br>• कम्तिमा ५ पशु अकास्मत् एकै किसिमको संक्रमणबाट बिरामी हुनु या मृत्यु भएको हुनुपर्ने।<br>• स्थलगत रूपमा सेवा सञ्चालन गरिने। | स्थान र कृषकको छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले निम्नानुसारका कार्य गर्नेः स्थलगत उपचार, सेवा<br>(क) निशुल्क औषधि वितरण<br>(ख) खोप कार्यक्रम सञ्चालन<br>(ग) निसङ्क्रमण व्यवस्थापन<br>(घ) संक्रमित बस्तुहरूको विसर्जन | स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |
| | पशु खोप अनुगमन कार्यक्रम | • पशुमा खोरेत खोप लगाएको हुनपर्ने।<br>• पशुमा बिभिन्न खोप संचालन भईरहेको हुनुपर्ने। | • प्राविधिक तथा जन प्रतिनिधि ,कर्मचारी जनशक्ति परिचालन गर्ने। | स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |
| | बिभिन्न खोप संचालनमा इन्धन | खोप संचालन गर्न पशु स्वास्थय कार्यकर्ता तथा ग्रा.प.स्वा.कार्यकर्ता एंव पशु प्राबिधिक लाई परिचालन गर्न | आवश्यकता अनुसार ईन्धन उपलब्ध गराउन सकिने छ । | स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न सकिने। |

| | | | | |
|---|---|---|---|---|
| | पशु स्वास्थ्य आकस्मिक सेवा | • आकस्मिक रुपमा पशुपन्छी तथा मत्स्यको उपचार गर्नु परेमा र कम्तिमा ५ पशु एक्कासी एकै किसिमको संक्रमणबाट बिरामी वा मृत्यु भएमा।<br>• विपद देखिएको ठाउंमा स्थलगत उपस्थित भई कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• स्थानीय तह वा सम्बन्धित कार्यालयबाट जानकारी प्राप्त हुन आएमा। सामुदायिक पशु घाइते भेटिएमा। | • खोप,औषधि, उपचार सामग्री/ उपकरण<br>• प्रचार प्रसार सामग्री। | • स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित नियमानुसार खर्च गर्न सकिने। |
| ४ | आहारा विकास कार्यक्रम | | | |
| | भुई घाँस तथा डाले घांसका बिउ बेर्ना खरिद ढुवानी तथा वितरण | | | |
| | हरियो घांस विस्तार कार्यक्रम | पशुपंक्षी तथा मत्स्य पालनमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने आहाराको उपलब्धता सुनिश्चित गर्ने गुणस्तरीय एंव प्रतिस्पर्धी पशुपंक्षि जन्य उत्पादन -दुध,फुल,माछामासु) आधार तयार गरि आत्मनिर्भता आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सहयोग । | पशु पालक कृषक लाई हिउदे घांस,बर्षे घांस,डाले घांस,बहु बर्षे घांसको बिउ /सिलिप /बेर्ना वितरण | स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न सकिने। |
| | मिनरल ब्लक (UMMB ) वितरण अनुदान निशुल्क | पशुर्पक्षि तथा मत्स्य पालनमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने आहाराको उपलब्धता सुनिश्चित गर्ने गुणस्तरीय एंव प्रतिस्पर्धी पशुर्पक्षि जन्य उत्पादन -दुध,फुल,माछामासु) आधार तयार गरि आत्मनिर्भता आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सहयोग र उक्त कार्यक्रम पशुपालक कृषकहरुमा संचालन गरेन सिकिने । | पशुपालनमा पशुहरुको रोगसंग लडने क्षमतामा बृद्धि,दुध तथा मासु उत्पादनमा बृद्धि,बाझोपनमा नियुनिकरण,पशुपोषणको लागि कृषक लाई वितरण | स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न सकिने। |
| ५ | मत्स्य मिसन कार्यक्रम | | | |
| | माछा ब्यावसायि लाई पानी तान्ने | • · पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला र कुलो र | • स्वीकृत कार्यक्रम अनुसार सम्बन्धित | स्वीकृत बजेटको परिधि भित्र रही |

| | | | | |
|---|---|---|---|---|
| | मोटर वितरण | नहरको व्यवस्था भएको हुनु पर्ने ।<br>• तराईको हकमा कम्तिमा ३ कठ्ठा भन्दा बढि जलाशय क्षेत्रफल हुनु पर्ने ।<br>• · पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा ५ वर्षको हुनु पर्ने ।<br>• विजुली बत्तीको सुविधा भएको हुनु पर्ने । ·<br>• पोखरीको गहिराई कम्तिमा मापदण्ड अनुसार हुनुपर्ने । | शाखाले सम्बन्धित क्षेत्रमा कार्यक्रम संचालन गर्ने ।<br>• ५ कठ्ठा भन्दा कम जलशय क्षेत्रमा १.५ HP सम्म र सो भन्दा माथीको जलाशय क्षेत्रमा २ HP सम्म पानी तान्ने मोटर उपलब्ध गराइने । | अथवा खरीद मूल्यको ५०% अनुदानमा उक्त कार्यक्रम सञ्चालन गर्न सकिने । |
| | माछा पालन गर्ने कृषक लाई माछा भुरा ढुवानीमा ५० प्रतिशत अनुदान | • · पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला र कुलो र नहरको व्यवस्था भएको हुनु पर्ने ।<br>• · तराईको हकमा कम्तिमा ३ कठ्ठा भन्दा बढि जलाशय क्षेत्रफल | भुरा ढुवानीमा अनुदान · पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा ५ वर्षको हुनु पर्ने । विजुली बत्तीको सुविधा भएको हुनु पर्ने । · पोखरीको गहिराई कम्तिमा मापदण्ड पूरा गरेको हुनु पर्ने । | कूल ढुवानी लागतको ५० प्रतिशत अथवा बढिमा रु १५ हजार सम्म अनुदान रकम उपलब्ध गराउन सकिने । |
| | माछा औषधी तथा चुना खरिद तथा वितरण निशुल्क | • मत्स्य पालन गरेको हुनु पर्ने<br>• एक पटकमा एक जना मत्स्य पालकलाइ बढीमा १० कठ्ठा सम्मको जलाशय क्षेत्रमा चूना उपलब्ध गराउन सकिने र औषधीको हकमा आवश्यकता अनुसार वितरण गर्न सकिने । | • माछा पालक कृषकले माग गर्न आएमा आवश्यकता तथा उपलब्धताको आधारमा वितरण | • स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्न सकिने । |
| ६ | मत्स्य प्रवर्द्धन कार्यक्रम | · कार्यालयले छनोट गरेको उपयुक्त स्थानमा सञ्चालन गर्ने । · अनुदानग्राहीले सहुलियत दरमा कृषकहरूलाई ५ वर्षसम्म सेवा प्रदान गर्ने प्रतिवद्धता गरेको हुनुपर्ने । · मेशिन सञ्चालन तथा मर्मत सम्भारको जिम्मेवारी संस्था स्वयम् को हुनुपर्ने । | · पोखरी निर्माण · उत्पादन सामग्री · क्षमता विकास · ठूला मेशिन वा यन्त्र उपकरण जस्तै कम्बाइन हार्भेष्टर, चारपाङ्ग्रे धान रोप्ने मेशिन, लेन्ड लेभलर, साना यन्त्र उपकरण लगायत अन्य मेशिनरी खरिद । | स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने । · ५० प्रतिशत अनुदान । |

| | | | | |
|---|---|---|---|---|
| | मेशिनरी तथा औजार | प्राबिधिक कार्यगर्न आवश्यक पर्ने औजार उपकरण खरिद | आवश्यकता अनुसार | स्वीकृत बजेटको परिधि भित्र रही |
| | काउमैट वितरण | न्युनतम ५ वटा गाई वा भैसि अथवा गाई,भैसि सो फार्ममा पालन गरि दुध बिक्रि वितरण गरि रहेको दुध उत्पादन तथा बिक्रि गरेको अभिलेख राखेको नियमित ३ बर्षदेखि ब्यावसायिक फार्म दर्ता गरि दुध उत्पादनको कार्य गरेको बिभिन्न भौतिक पर्ुवाधार भएको बाजारीकरण को सहजता भएको | काउमैट वितरण | स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |
| | मिल्किगं मेशिन अनुदान | ब्यावसायिक पशु फार्ममा कम्ातिमा १० वटा वा सो भन्दा माथि गाई,भैसि पालेको हुनु पर्ने छ कमतिमा ५ वटा दुहना पशु फार्ममा हुनु पर्ने बिगत ३ बर्षदेखि फार्म नियमित संचालनमा रहेको दुध बिक्रि गरेको अभिलेख हुनु पर्ने छ | कृषकलाई दुध दुहने मेशिन वितरण | स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |
| | दुध उत्पादन पर्र्बद्धन | प्राबिधिक सेवा सुचारुको लागि फिल्डमा ट्रेभिज निर्माण तथा ब्यवस्थापन | .ब्यावसायिक फार्मका कृषकहरुले माउ कोरेली गरि कम्तीमा १० गोटा गाई /भैसि वा गाई तथा भैसि पालेको हुनु पर्ने छ । .दुध उत्पादक सहकारी,वडा कार्यालय पनि सहभागिहुन पाउने | स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |

| | | | | |
|---|---|---|---|---|
| | घाँसको स्रोत केन्द्र स्थापना | • स्रोत केन्द्र स्थापना कृषक/समूह/सहकारी/ फार्म सहभागी हुन सक्ने ।<br>• विभिन्न प्रजातिको एक बर्षे र बहुबर्षे घाँसको वीउ उत्पादनको हकमा तराईमा १बिगहा घाँसको सेट्स/सिलिप/सकर/कटि | • स्थान र कृषकको छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले गर्ने।<br>• छनोट भएका समुदायले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्नेः-<br>(क) नर्सरी स्थापना गर्ने<br>(ख) विषादी तथा औजार उपकरण र अन्य सामाग्री | कार्ययोजनामा उल्लेखित क्रियाकलापहरुको लागत खर्चमा वढीमा ५० प्रतिशत अनुदान दिन सकिने। |

| | | | | |
|---|---|---|---|---|
| | | ङ्ग उत्पादनको हकमा तराईमा १० कठ्ठा<br>• डाले घाँसका विरुवा उत्पादनको हकमा तराईमा १० कठ्ठा<br>• उत्पादन तथा विक्रि वितरणको अभिलेख राख्नुपर्नेछ।<br>• कम्तिमा २ वर्षसम्म निरन्तरताको प्रतिबद्दता हुनुपर्नेछ।<br>• अनुसूची १४ र १५ अनुसार घाँस खेती गरिएको हुनुपर्ने। | खरिद गर्ने<br>(ग) सिंचाई व्यवस्थापन गर्ने<br>(घ) वीउ, सेट्स, स्लिप, सकर, कटिङ्ग खरिद गर्ने<br>(ङ) कार्यक्रमको होडिङ्ग बोर्ड । | |
| | गाई/भैंसी प्रवद्धन कार्यक्रम | फार्म/उद्यमी कृषकले कम्तिमा ५ माउँ गाई वा भैंसी पालेको गर्ने योजना हुनु पर्ने । | छनोट भएका फार्म/उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्नेः-<br>(क) गोठ निर्माण /सुधार<br>(ख) मेसिनरी औजार<br>(ग) पोषणयुक्त घाँस सहित आहारा<br>(घ) नश्ल सुधार<br>(ङ) औषधि तथा खोप<br>(च) क्षमता अभिबृद्ध<br>(छ) जैविक सुरक्षा | • कुल लागतमा कम्तिमा ५० प्रतिशत फर्म वा उद्यमीको लगानी हुनुपर्ने।<br>• प्रति आयोजना २ लाख। |

| | | | | |
|---|---|---|---|---|
| | ब्यावसायिक पाडा पाडी हुर्काउने कार्यक्रम | • फार्म/उद्यमी कृषकले मासु उत्पादनका लागि पाडा वा प्रजननका लागि उच्च उत्पादन क्षमता भएका कम्तिमा १५ गोटा पाडा वा पाडी | स्थान र कृषकको छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले निम्नानुसारका कार्य गर्नेः<br>(क) गोठ निर्माण /सुधार<br>(ख) मेसिनरी औजार<br>(ग) पोषणयुक्त घाँस सहित आहारा | • कुल लागतमा कम्तिमा २५ प्रतिशत फर्म वा उद्यमीको लगानी हुनु पर्ने।<br>• स्वीकृत बजेटको परिधिभित्र रही प्राविधिक |

| | | | | |
|---|---|---|---|---|
| | | पालेको हुनुपर्ने।<br>• समूह सहकारी कम्पनीको हकमा २५ पाडा वा पाडी पालन गरेको हुनु पर्ने ।<br>• अभिलेख अनुसूची ९ अनुसार राखु पर्ने। | (घ) नश्ल सुधार<br>(ङ) औषधि तथा खोप<br>(च) क्षमता अभिबृद्ध। | उपयुक्तता र स्वीकृत कार्ययोजना अनुसार खर्च गर्न सकिने।<br>• प्रति योजना अधिकतम रू २ लाख अनुदान दिइने। |
| | नयाँ पोखरी निर्माण कार्यक्रम | • पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला/कुलो/नहरको व्यवस्था भएको हुनु पर्ने।<br>• तराईको हकमा कम्तिमा ३ कठ्ठा भन्दा बढि जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने।<br>• पोखरी निर्माणको लागि माटो उपयूक्त हुनु पर्ने।<br>• नयाँ निर्माण गरीने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा १० वर्षको र सार्वजनिक जग्गाको हकमा ५ वर्षको हुनु पर्ने।<br>• सडक, विजुली बत्तीको सुविधा भएको हुनु पर्ने।<br>• पोखरीको गहिराई कम्तिमा १.२ मिटर हुनुपर्ने।<br>• कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने। | कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार आवेदकले नँया पोखरी निर्माण गर्नु पर्ने । | स्वीकृत बजेटको परिधि भित्र कार्ययोजना तयार पारी जलाशयको क्षेत्रको कुल लागत खर्चको अधिकतम ५० प्रतिशत अनुदान रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | पोखरी मर्मत संभार | • कम्तिमा ३ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरुको मर्मत संभार हुने। <br>• मर्मत संभार गरिने पोखरीमा पानीको आपूर्ति सहज तथा माछा पालनको लागि माटो उपयूक्त हुनु पर्नेछ। <br>• कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने। | • लागत ईइष्टिमेट तयार गरी मर्मत संभार कार्य गर्नु पर्ने। <br>• पोखरीको मर्मत संभार गरी डिल मिलाई गहिराई कम्तिमा ५ फिट कायम गर्नु पर्ने, उपयूक्त प्रविधि अपनाई व्यवसायिक मत्स्य पालन गर्नु पर्ने। <br>• अनुदानग्राहीहरुले डिलमा सिलपोलिङ्ग लाईनिङ्ग सहितको पोखरी मर्मत संभार गर्न चाहेमा लागत ईष्टिमेट तयार गरी पोखरीको सलामी, डिल र गहिराई उचित कायम गर्नु पर्ने। <br>• यस कार्यक्रम अन्तरगत मर्मत संभार हुने पोखरीको जालशय क्षेत्रफल ३ कठ्ठा भन्दा माथी हुनु पर्ने। | • प्रति हेक्टर जलाशयमा पोखरी तथा डिल मर्मत संभारको लागि लागत खर्चको ५० प्रतिशत वा नियुनतम रकम मध्ये जुन कम हुन आउँछ। <br>• | |
| | जिंउदो माछा विक्री वितरण स्टल निर्माण। सुधार | • शहरी क्षेत्रको प्रमुख बजार केन्द्रित भई जिउँदो माछा विक्री वितरण गर्ने निजी ब्यवसायी/समूह/समिति / सहकारीहरुलाई प्राथमिकतामा दिईने। <br>• यस कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा ५० किलो माछा विक्री वितरण गरीरहेको वा गर्नु पर्ने। <br>• कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने। | • जिउँदो माछा विक्री वितरणको लागि सिमेन्टेड टयाकं निर्माण गर्ने र उक्त टयाकंको भुईमा टायल वा मार्वल बिछाउने र भित्तामा टायल लगाउने। <br>• ब्यवस्थित आउटलेट हुनुपर्ने <br>• माछा काट्दा निस्कने फोहोर व्यवस्थापन गर्नुपर्ने। <br>• शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार गर्नुपर्ने। <br>• माछा राखेर विक्री गर्ने ठाउँका लागि शिशाको पार्टेशन गर्नुपर्ने। <br>• माछा काट्ने, भुत्लाउने र सफा गर्ने स्लाव निर्माण गर्नुपर्ने। <br>• माछालाई जिवित राख्न पर्याप्त पानीको स्रोत तथा ऐरेसन आदिको व्यवस्था गर्नुपर्ने। | • ५० प्रतिशत अनुदान वा नियुनतम रकम | |

| | | | | |
|---|---|---|---|---|
| | प्राङ्गारिक उत्पादनका लागि भकारो सुधार वा गोठ सुधार कार्यक्रम | • कम्तीमा २ दुधालु पशु पालन गरेको कृषक हुनु पर्ने,<br>• भकारो सुधार कार्यक्रम अन्तर्गत-कम्तीमा छानो सहित फ्लोर, २ कम्पोष्ट खाडल, नाली सहितको मुत्र संकलन खाडल वा ड्रम सहित हुनु पर्ने,<br>• मलखाद घाम पानीबाट जोगाउन छाप्रोको व्यवस्था गर्नुपर्ने । | • फ्लोर निर्माणका लागि आवश्यक सामग्री तथा ज्याला, छानो<br>• मुत्र संकलन ड्रम/ट्याङ्की।<br>• भकारो सुधार सहयोग सम्बन्धि सूचना प्लेट। | • ५0 प्रतिशत वा प्रति योजना अधिकतम रु. एक लाख । |
| | आपातकालिन सेवा सँचालन | • कार्यालयको कार्यक्षेत्र भित्र पोखरी, घोल/ताल, रिजर्भवायरमा अकस्मात माछा/पशुपन्छी मरेमा,<br>• स्थानीय तहको पशु सेवा शाखामा कार्यरत प्राविधिकबाट सो को उपचार/रोकथामको लागि सो स्थानमा तुरुन्त आपतकालीन सेवा सञ्चालन गर्ने। | • आपतकालीन सेवा सञ्चालनको लागि कार्यालयको मत्स्य तथा पशुपन्छी शाखामा कार्यरत अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा स्थलगत अनुगमन तथा निरिक्षण टोली खटाईने।<br>• उक्त टोलीले आपतकालीन स्थितिको अध्ययन तथा परीक्षण गर्नुको साथै समस्या पहिचान गरी उक्त समस्यालाई निराकरण गर्न आवश्यक उपचार तथा रोकथामका तरिकाहरु सिफारिस गरिने। | आपतकालिन सेवा सञ्चालन विनियोजित बजेट भित्र सञ्चालन गरिनेछ। |
| | मत्स्य व्यवसायका लागी यान्त्रिकरणमा सहयोग | • मत्स्य व्यवसाय गरेका कृषकहरू।<br>• कम्तिमा ०.१ हे. जलाशय भएका।<br>• कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने। | एरिएटर, दाना बनाउने मेशिनहरु, पानी जाच्ने मेशिन तथा मत्स्यमा प्रयोग हुने अन्य मेशिनरी सामाग्रीहरु। | • ५० प्रतिशत वा बढिमा १ लाख अनुदान प्रति कृषक । |
| | डोर टु डोर सेवा/ पशु बाझोपन निवारण सेवा | • एकै कलष्टरमा प्रति पटक कम्तीमा ३० वटा समस्यायुक्त गाई भैंसीहरु पहिचान भएको | • कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च खाजा खर्च,<br>• इन्धन, औषधी, हर्मोन, मिनरल, भिटामिन, सिथ, | • सम्पूर्ण कार्यक्रमको खर्च र व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | | हुनु पर्ने।<br>• निम्नानुसारको जनशक्ति भएको टोली आवश्यकताका आधारमा परिचालन गर्नु पर्ने।<br>➢ विषय विज्ञ १ जना<br>➢ पशु चिकित्सक/ पशु विकास अधिकृत १ जना<br>➢ सहायकस्तरको प्राविधिक कर्मचारी १ जना<br>➢ विषय विज्ञ (बाह्य श्रोतबाट आवश्यकता अनुसार)।<br>• स्थानीय तहमा कार्यरत प्राविधिक बढीमा २ जना। | ग्लोब, एप्रोन, सिरिन्ज, निडिल, लगायत, अन्य आवश्यक सामग्री उपकरण एवं लजिस्टीक नतिजामापन रिर्पोटिङ्ग जस्ता क्रियाकलापमा गर्ने। | कार्यालयले गर्ने। |
| | पशु स्वास्थ्य आकस्मिक सेवा | • आकस्मिक रुपमा पशु पन्छी तथा मत्स्यहरूको उपचार गर्नुपरेमा।<br>• महामारि वा प्रकोप भएको हुनुपर्ने।<br>• अकास्मात् एकै किसिमको संक्रमणबाट बिरामी भई मृत्यु भएमा।<br>• सामुदायिक पशुहरूको स्थलगत उपचार गर्नुपरेमा। | • आवश्यक औषधी, उपकरण खरिद।<br>• पशुपन्छी तथा मत्स्यहरूको उपचार। | • कार्यालयले कार्ययोजना स्वीकृत गरी स्वीकृत बजेटको परिधिभित्र रही खर्च गर्न सकिने। |
| | पशु स्वास्थ्य नियमन कार्यक्रम | • पशु औषधि पसल अनुगमन निरिक्षण, पशुपन्छी फार्म अनुगमन मासु/डेरी पसल अनुगमन निरिक्षण | नियमित अनुगमन तथा प्रतिवेदन प्रेषण। | स्वीकृत बजेटको परिधि भित्र रही सञ्चालन गर्न सकिने। |
| | डेरी पसल सुधार | • सहभागी हुने प्रस्तावकले | • मिल्क क्यान, मिल्क | ५० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | | दैनिक रुपमा तराईमा कम्तीमा ४०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने।<br>• | एनालाईजर, डिप फ्रिज, प्याकेगिङ मेसिन, क्रिम सेपेरेटर, चिलिङ भ्याट, आदिको खरिद गर्ने।<br>• डेरी पसलको सजावट, पानी र फोहोर व्यवस्थापन आदि।<br>• टायल लगाउन र सिलिङ्गको व्यवस्थापन।<br>• डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गर्न वा टायल/मार्वल लगाउन<br>• डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु खरिद गर्न। | अनुदान । |
| | चिलिङ भ्याट वितरण | सहभागी हुने प्रस्तावक (निजी डेरी/दुग्ध समूह/सहकारी/डेरी उद्यमी/कम्पनी) ले दैनिक कम्तिमा ५०० लिटर दुध संकलन भएको वा हुने संभावना भएको हुनुपर्ने । | • चिलिङ भ्याट न्यूनतम १००० लि. दुध चिस्यान केन्द्रको पानी र फोहोर व्यवस्थापन आदि।<br>• दुध चिस्यान केन्द्रमा प्रयोग गरिने औजार/उपकरणहरु खरिद। | • निजीको हकमा ५० प्रतिशत।<br>• सामुदायीकको हकमा ७५ प्रतिशत अनुदान। |
| | समुदाय लक्षित दुग्ध प्रवर्द्धन कार्यक्रम | • २० देखी २५ घरधुरी संलग्न हुनुपर्ने।<br>• कार्यालयको प्राविधिक प्रतिवेदनको आधारमा क्षेत्र निर्धारण र समुदाय छनोट गरी अनुमोदनका लागी कार्यक्रम ब्यबस्थापन समितिमा पेश गर्ने ।<br>• समूदायको आवश्यकता तथा प्राविधिक उपयूक्तता अनुसार सञ्चालन गर्न सकिने। | • समुदायको आवश्यक्ता र प्राविधिक उपयुक्तताको आधारमा कार्यक्रम सञ्चालन गर्ने।<br>• भकारो/गोठ सुधार। बायोग्यास निर्माण तथा सञ्चालन।<br>• नश्ल सुधार।<br>• प्रविधिमैत्री यन्त्र उपकरण।<br>• पशु स्वास्थ्य।<br>• पोषण सुधार तथा बजारीकरण।<br>• जैविक सुरक्षा आदि। | • नश्ल सुधार तथा सामुदायिक पूर्वाधारमा ७५ प्रतिशत।<br>• यन्त्र उपकरण तथा निजी पूर्वाधारमा ५० प्रतिशत। |
| | मासु पसल सुधार | • स्वस्थ,स्वच्छ मासु | | ५० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | | विक्रि वितरण गर्नु पर्ने ।<br>• सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तिमा १०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तिमा ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनु पर्ने।<br>• स्थानीय तहका बजारउन्मुख क्षेत्रलाई लक्षित गरी मासुको बिक्री वितरणमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु उद्यमी/मासु व्यवसायीहरुले प्राथमिकता पाउनेछन्।<br>• पशुवध गर्दा निस्कने फोहोर व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने। | | अनुदान। |
| | मिल्क एनलाईजर वितरण | सहभागी हुने प्रस्तावकले दैनिक रुपमा तराईमा ४०० लिटर र पहाडमा २०० लिटर दुध संकलन भएको हुनुपर्ने।<br>निजी डेरी/दुग्ध समूह/सहकारी/संघ संस्था/डेरी उद्यमी / कम्पनीले साझेदारी गर्न सक्ने। | • मिल्क एनालाईजर सेट खरिद गर्ने।<br>• अन्य सामाग्री। | • निजीको हकमा ५० प्रतिशत।<br>• सामुदायीकको हकमा ७५ प्रतिशत अनुदान। |
| | (खसि/बोका) बाखा संकलन केन्द्र स्थापना | • आवदेक दर्ता भएका समूह वा सहकारी वा निजी उद्यमी, कम्पनी, सामुदायिक संचालित | स्थान र कृषकको छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले निम्नानुसारका कार्य गर्नेः | • निजीको हकमा ५० प्रतिशत।<br>• सामुदायीकको हकमा ७५ |

| | | | | |
|---|---|---|---|---|
| | | संस्था।<br>• वार्षिक ३०० खसि/बोका कारोबार गरेको हुनु पर्ने।<br>• बाटो, बिजुली, पानी, भएको तथा बजारको पायक पर्ने ठाउँ भएको हुनु पर्ने।<br>• सम्बन्धित स्थानीय तहको लगात साझेदारीमा समेत गर्न सकिने। | (क) ट्रस निर्माण,<br>(ख) बाख्रापालन तौल्ने तराजु वा मेशिन वा उपकरण,<br>(ग) होल्डिङ्ग यार्ड,<br>(घ) खानेपानी,<br>(ङ) टाट्नो,<br>(च) तारबार बाउन्ड्री<br>(छ) अभिलेख व्यवस्थापन। | प्रतिशत अनुदान। |

| | | | | |
|---|---|---|---|---|
| | गरिवी निवारण तथा खाध सुरक्षाका लागि Dual Purpose (बहु उद्देश्यिय) कुखुरा पालन कार्यक्रम | • सहभागी तथा स्थान छनोट गर्दा वडाकार्यालहरु संग समन्वय गरी छनोट गर्ने ।<br>• सहभागी संख्या छनोट गर्दा आर्थिक अवस्था न्यून भएका, दलित, जनजाती, सिमान्तकृत तथा एकल महिलाहरुलाई' प्राथमिकता दिई छनोट गर्न सकिने।<br>• समूह गठन गर्दा कम्तिमा १५ जना किसानहरु छनोट गरी समूह गठन गर्नु पर्ने। | स्थान र कृषकको छनोट प्राविधिक सम्भाव्यताको आधारमा कार्यालयले निम्नानुसारका कार्य गर्नेः<br>(क) समूह गठन/परिचालन।<br>(ख) खोर निर्माण सुधार ।<br>(ग) स्थलगत कुखुरा पालन तालिम।<br>(घ) आहारा,नश्ल सुधार,औषधि तथा खोप, विमा, क्षमता अभिबृद्धि, गर्ने, | स्वीकृत कार्य योजना अनुसार प्रविधि प्रदर्शन सञ्चालन गर्ने। |
| | समस्यामा आधारित स्थलगत तालीम | • पशुपन्छी तथा मत्स्यपालन तर्फ कृषकस्तरमा समस्या आई कार्यालयमा समस्या पहिचान, उपचार तथा रोकथामको लागि आवेदन पेश भएमा वा | • समस्या पहिचान, उपचार तथा रोकथान सम्वन्धी ब्यहवारिक परिक्षण तथा प्रशिक्षण।<br>• प्रशिक्षण, औषधि, खोप तथा रसायन, ईन्धन आदि खरिद। | स्वीकृत कार्य योजना अनुसार प्रविधि प्रदर्शन सञ्चालन गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | अनुगमनको सिलसिलामा आवश्यकता महसुस भएमा सम्वन्धित स्थानको वरपरका कम्तिमा १५ जना कृषकहरुको उपस्थितीमा १ दिने स्थलगत तालिम सञ्चालन गरिनेछ। | | |
| | बर्डफ्लु नियन्त्रण तथा राहत | • बर्डफ्लुको जोखिम क्षेत्र<br>• सीमाना जोडिएका जिल्लाहरु<br>• शंकास्पद बर्डफ्लु देखिएको क्षेत्र<br>• प्रयोगशालाबाट प्रमाणित बर्डफ्लु संक्रमित क्षेत्र। | • नियमित तथा आकस्मिक सर्भिलेन्स तथा अनुगमन<br>• जनचेतनाका लागि प्रकाशन तथा वितरण<br>• सरोकारवालाहरुसँगको समन्वय तथा अन्तरकृया<br>• सम्बन्धित पक्षलाई क्षतिपूर्ति/राहत वितरण | • राहत/क्षतिपूर्तिको हकमा संघीय सरकारको प्रचलित नियमानुसार<br>• अन्य कृयाकलापको हकमा कार्यालयको कार्ययोजना अनुसार |
| | मत्स्य प्रवर्द्धन कार्यक्रम | • कार्यालयले छनोट गरेको उपयुक्त स्थानमा सञ्चालन गर्ने। | • पोखरी निर्माण<br>• उत्पादन सामग्री<br>• क्षमता विकास | • ५० प्रतिशत अनुदान |

| | | | | |
|---|---|---|---|---|
| | मत्स्य ह्याचरी वा नर्सरी | • सम्पूर्ण पूर्वाधार व्यवस्थित भई ह्याचरी वा नर्सरी पूर्ण रुपमा सञ्चालनमा रहेको हुनुपर्ने,<br>• न्यूनतम १ हेक्टर जलाशयमा नर्सरी तथा रेयरिङ्ग पोखरीको व्यवस्था हुनुपर्ने, | • व्यावसायिक योजना,<br>• सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस,<br>• बिक्री वितरणको अभिलेख, कारोवारको तथा | • [illegible]<br>• [illegible]<br>• [illegible] |

| | | | | |
|---|---|---|---|---|
| | | • ह्याचरी वा नर्सरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने,<br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नु पर्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने,<br>• स्वस्थ, परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नुपर्ने,<br>• उत्पादित मत्स्य बीजलाई उचित आहाराको व्यवस्था गर्नुको साथै रोग तथा परजिवी विहीन हुनुपर्ने। | आम्दानी खर्च देखिने कागजातहरु<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैंक खाता नं.। | प्र<br>• ए<br>• इ<br>ग<br>(कृ |
| | माछामासु// अण्डा )बाखा/भेंडा/बगुंर/रागां/माछा( दुध उत्पादन | • गत आ.व. को उत्पादन गरेको बाखा, भेडा, बगुंर, अण्डा, अण्डा तथा माछाको मासु कारोवारको अभिलेख पेश गर्नु पर्ने।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने।<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरुबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा कार्यालयले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरुलाई प्राथमिकता दिइने।<br>• प्राविधिक प्रतिवेदन तयार भएको हुनुपर्ने। वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/ | • पशु पन्छी वा माछा पालकको अभिलेख ।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बिमा गरिएको भए विमालेख।<br>• आवेदकको खरिद बिक्रि अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैक खाता नं.। | प्रति<br>दुधक<br>जि<br>जि<br>जि<br>माछ<br>अण<br>(कृ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | राँगा/माछा उत्पादक सहकारी संस्था आफैंले पालन गरेको वा सदस्य कृषकहरुबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० र निजीको हकमा ३०, बगुंरको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा ४०, राँगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० वटाको कारोवार गरेको हुनुपर्ने।<br>• निजीको हकमा माछाको हकमा तराई कम्तीमा १००० के.जी.का दरले, सहकारीको हकमा १० टन. वार्षिक कारोवार गरेको हुनुपर्ने।<br>• निजी फर्म, कम्पनीले खसी बोका ५०, राँगा २०, बंगुर २५ संख्यामा प्रति बर्ष बिक्रीको कारोबार गरेको हुनुपर्ने।<br>• माछा उत्पादनमाः निजी फर्म कम्पनीले तराईमा २ मे.टन, प्रति बर्ष बिक्री कारोवार गरेको हुनु पर्ने।<br>• कम्तीमा १० प्रतिशत बार्षिक बृद्धिदर गरेको हुनुपर्ने। | | |

**द्रष्टव्यः**

१. समग्र कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनका लागि सूचनामा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ।

२. स्वीकृत कार्ययोजनाका क्रियाकलापहरुमा प्रचलित दररेट अनुसार सामग्री तथा अन्य सेवा खरिद गरेका अनुदानग्राहीहरुलाई मात्र अनुदान रकम प्रवाह गर्नुपर्नेछ ।

३. अनुदानग्राहीको आफ्नो घरमा उपलब्ध हुने सामग्री र पारिवारिक श्रमको हकमा अनुदान रकम उपलव्ध गराइने छैन।

४. माथि उल्लिखित कार्यक्रमहरू कार्यालयले ढाँचा (डिजाइन) तथा ईष्टिमेट लगायतका प्राविधिक पक्षमा सहयोग एवम् मूल्याङ्कन गरी वार्षिक बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

५. कृषि ढुवानी साधन लगायतका मेशिन वा औजार तथा उपकरण खरिदमा प्रचलित मापदण्ड, गुणस्तर, भौगोलिक अनुकुलता, र कृषकको माँग अनुसार खरिद गर्ने र यस्ता ढुवानी साधन तथा यन्त्र उपकरण वितरण गरिने छ ।

६. विदेशबाट बीउ विजन/बिरुवा/नश्ल आयात गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने भएमा सम्बन्धित विज्ञहरु सहितको प्राविधिक टोली गठन गरी उक्त टोलीले सिफारिस गरेको प्राविधिक मापदण्ड बमोजिम आयात गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

७. स्थायी संरचना निर्माण गर्दा गाँउपालिकाको स्वीकृत मापदण्ड अनुसारको ढाँचा (डिजाइन) तथा ईष्टिमेट अनुसार निर्माण गर्नुपर्नेछ।

८. कार्यक्रम सञ्चालन गर्दा जैविक सुरक्षालाई ध्यान दिई वातावरण मैत्री रुपमा सञ्चालन गर्नु पर्नेछ ।

९. गाँउपालिका एवंम अनुदानग्राहीबाट संचालन गरिएको विभिन्न कार्यक्रहरुको हकमा ५*३ फिटको लेखिएको होडिङ्ग बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

१०. स्थायी प्रकृतिका भौतिक पूर्वाधार निर्माणको हकमा सम्बन्धित संस्थाको नाममा जग्गा हुनु पर्ने वा सार्वजनिक संस्थाहरुको जमिन भाडामा लिइ ५ वर्षको करार हुनु पर्नेछ वा स्थायी प्रकृतिका संरचनाहरू विक्री वितरण गर्न नपाइने ब्यवस्था गर्नुपर्ने।

११. माथि उल्लेख नगरिएका कार्यक्रमका हकमा कार्यक्रम व्वस्थापन समितिबाट मापदण्ड र नर्मस स्वीकृत गराई कार्यालयको स्वीकृति लिई सञ्चालन गर्न सकिनेछ।

१२. सरकारी निकाय लगायत अन्य संघ संस्थासँग सोही प्रकृतिको कार्यक्रममा दोहोरोपन नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ तर क्षेत्र विस्तार र स्तरवृद्धिको हकमा बाधा पर्ने छैन।

१३. माछा गुणस्तर सुधारका लागि वितरण गरिने मत्स्य नश्लहरू भरपर्दो विश्वासिलो सरकारी/निजी क्षेत्रबाट स्थापित श्रोत केन्द्र वा फार्महरूबाट खरिद गरी वितरण गर्नु पर्नेछ।

१४. समुदायिक पूर्वाधार भन्नाले कृषक समुह, सहकारी र सामुदायिक संस्था मार्फत् निर्मित संरचना तथा पूर्वाधार भन्ने बुझ्नुपर्छ र निजी पूर्वाधार भन्नाले निजी फर्म वा निजी कम्पनी वा निजी संस्थाबाट निर्मित पूर्वाधार सम्झनुपर्दछ ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**५. प्रस्ताव मागः** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-०१ को ढाँचामा कम्तीमा 7 दिन र बढिमा १५ दिनको सूचना प्रकाशन गरी अनुदानग्राहीसँग प्रस्ताव माग गर्नेछ। तर प्रविधि विकास, प्रदर्शन, आवश्यकतामा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम, विस्तार तथा सेवाटेवा लगायतका

कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा कार्यालयले सेवाग्राही छनोट गरी स्वीकृत इष्टिमेट र कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

६. **प्रस्ताव पेशः** दफा ५ बमोजिमका सूचना अनुसार परिच्छेद २ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले कार्यालयमा अनुसूची-०२, मागमा आधारित कार्यक्रमका लागि अनुसूचि-०३, र कृषि तर्फ अनुसूची-०४ र पशु तर्फ अनुसूची-०५ बमोजिमको ढाँचामा प्रस्ताव सहित तोकिए बमोजिमको कार्यालयमा पेश गर्नु पर्नेछ।

७. **प्रस्ताव मूल्याङ्कन र सिफारिसः** (१) दफा ६ बमोजिम पेश भएका प्रस्तावहरू सम्बन्धित शाखाले कम्पाइल गरी समिति समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका प्रस्तावहरू समितिले प्रारम्भिक छनोट गर्नेछ।

यसरी छनोट भएका प्रस्तवहरूका स्थालगत प्रमाणीकरणका लागि कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई कर्मचारी तथा जनप्रतिनिधीको सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यदलले स्थलगत प्रमाणीकरण सहित अनुसूची-०६ वमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकताक्रम तयार गरी दफा १० बमोजिमको कार्यक्रम व्यवस्थापन समिति समक्ष स्वीकृतिका लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्यक्रम व्यवस्थापन समितिबाट स्वीकृति भएका आयोजनाहरू प्राथमिकताका आधारमा राख्नुपर्नेछ

**8. सम्झौता प्रक्रियाः** (१) छनोट भएका अनुदानग्राहीलाई कम्तीमा ७ दिनको म्याद दिइ सम्झौताको लागि सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले पेश गरेको क्रियाकलाप र कार्ययोजना कार्यालयले छलफलका आधारमा आवश्यक संशोधन सहित अनुसूची-7 वमोजिम ढाँचामा सम्झौता गरी अनुसूची-8 बमोजिमको स्वःघोषणा पत्रमा हस्ताक्षर गराएर सम्बन्धित अनुदानग्राहीलाई कार्यादेश दिनुपर्नेछ।

(३) दफा ६ बमोजिम छनोट भएका अनुदानग्राही तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा कार्यालयले बैकल्पिक अनुदानग्राहीसंग सम्झौता गर्न सक्नेछ।

(४) उक्त वैकल्पिक सूचीबाट समेत कार्यक्रम सञ्चालन गर्न संभव नभएमा पुनः सूचना गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

८. **निर्देशक समितिः** (१) कार्यक्रम सञ्चालन गर्न आवश्यक नीति तथा निर्देशनका लागि गाँउपालिकामा देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ,-

| | | |
|---|---|---|
| (क) | गाँउपालिका प्रमुख | अध्यक्ष |
| (ख) | गाँउपालिका उपप्रमुख | सदस्य |
| (ग) | वडा अध्यक्ष (२ जना) | सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) | विषयगत शाखाप्रमुख | सदस्य सचिव |

(१) समितिको बैठक आवश्कता अनुसार बस्नेछ र समितीले कुनै २ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(२) निर्देशक समितीमा उक्त समितीका अध्यक्षले तोकेको २ जना वड अध्यक्षज्यू हरु निर्देशक समितीका सदस्य हुने छन

९. **<u>समितिको काम, कर्तब्य र अधिकारः</u>** दफा ०८ बमोजिम गठन भएको निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नीतिगत समस्या सामधान गर्ने,

(ख) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन, निरिक्षण गर्ने,

(ग) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने।

१०. **<u>कार्यक्रम संचालन तथा व्यवस्थापन समितिः</u>** (१) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागी देहाय बमोजिमको गाँउपालिका स्तरमा सञ्चालन हुने कार्यक्रमको हकमा कार्यक्रम संचालन तथा व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | प्र.प्रा.अ. | बढैयाताल गाँउपालिका | संयोजक |
| (ख) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (ग) | प्रमुख | कृषि/पशुपंक्षी शाखा | सदस्य |
| (घ) | प्रमुख | विषयगत शाखा | सदस्य सचिव |

(१) निर्देशक समिती द्धारा प्राप्त राय सुझाव र पृष्ठपोषणलाइ कार्यन्वयन गर्ने गराउने ।

(२) स्वीकृत कार्यक्रमको प्रस्ताव छनौट सूचना प्रकाशन तथा मूल्यांकनका आधार प्रस्ताव छनौट गर्ने ।

(३) स्वीकृत कार्यक्रममा प्रस्ताव अनुसार कार्यक्रम संचालनकोलागी आवश्यकता अनुसार सम्झौता गर्ने अथवा कार्यक्रम संचालन गर्ने ।

(४)आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने,

(५)प्रभावकारी कार्यान्वयनका लागि अनुदानग्राहीलाई राय सुझाव दिने,

(६)प्रस्ताव र मूल्याङ्कनका सूचक अनुगमन निरिक्षण तथा अनुगमन समितीको प्रतिवेदनको आधारमा भुक्तानी दिने

## परिच्छेद-५

## भुक्तानी प्रकृया तथा लेखा परीक्षण

११. **भुक्तानी प्रक्रिया:** १) शाखाले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(२) संस्थागत रुपमा दर्ता भइ काम गर्ने कृषक समूह, सहकारी वा फर्म वा कम्पनीले संस्थाको आर्थिक कार्यविधि वा विनियम र शाखाको निर्देशन अनुसार खरिद विधि अनुसार कार्य सञ्चालन गर्न सक्नेछन्।

(३) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सञ्चालित भएका कृयाकलापहरुको सक्कल बिल भरपाई संलग्न राखी भुक्तानी माग गर्नु पर्नेछ।

(४) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ। पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टी गरी भुक्तानी गरिनेछ।

(५) उपदफा (४) मा जे सुकै लेखिएको भएपनि दुई (२) किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता नहुने ठानेमा सो भन्दा कम किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ ।

(६) कम्तीमा ५० प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो किस्ता भुक्तानी गरिनेछ।

(७) अन्तिम किस्ताको रकम भुक्तानी वा निकासा गर्दा सो अगाडिका किस्ताको कामको वित्तीय तथा भौतिक प्रगति, सम्बन्धित प्राविधिकको निरीक्षण सहितको पुष्टयाई प्रतिवेदन प्राप्त भए पछि निकासा वा भुक्तानी गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम अन्तिम किस्ताको रकम निकासा गर्दा कामको वित्तीय तथा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित प्राविधिकको निरिक्षण सहितको पुष्ट्याइंको प्रतिवेदन,सार्वजनिक सुनुवाई, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ ।

(९) अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धित वडा स्थित कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

१२. **लेखा तथा लेखापरीक्षण:** (१) कार्यक्रमको लेखा सम्बन्धित कार्यालयले राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित

कार्यालयको हुनेछ।

## परिच्छेद-६

## विविध

१३. **अनुगमन तथा मूल्याङ्कन:** (१) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रूपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले कम्तिमा चौमासिक रूपमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति कार्य सम्पन्न पश्चायत कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन पश्चात कार्यालयलले कार्यक्रमका पूर्व निर्धारित उद्देश्य र प्राप्त उपलब्धीहरुको प्रभाव मूल्याङ्कन गर्न सक्नेछ र त्यसरी प्रभाव मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको सुझावको आधारमा अनुदान सम्बन्धी नीति निर्माण गर्दा पृष्ठपोषणको रूपमा ग्रहण गर्न सकिनेछ।

१४. **जवाफदेहीता तथा जिम्मेवारी**: (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पुर्ण सदुपयोग एवम् उपलब्धी लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। आवश्यक ठानेमा कार्यालयले आचारसंहिता बनाई लागु गराउनेछ।

१५. **समन्वय र सहकार्य**: कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्बन्धित वडा कार्यालय सँग समन्वय र सहकार्यमा समेत गर्न सकिनेछ|

१६. **सूचना सम्प्रेषण:** लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह गर्न सञ्चार माध्यम प्रयोग गरी कार्यालयले सूचना प्रवाह गर्नु पर्नेछ ।

१७. **कार्यक्रम संचालन तथा असुली**: (१) अनुदान रकमको दुरूपयोग गर्ने, तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदानग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) अनुदानग्राहीले दोहोरो अनुदान नलिएको भनी अनुसूची-८ बमोजिम स्वःघोषणा गर्नु पर्नेछ। यदि दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान बाहेक एकै आर्थिक वर्षमा गाँउपालकिबाट अनुदान सहयोग गरिने छैन।

१८. **प्राविधिक जाँचपास गर्नुपर्ने:** प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले तोकेको परियोजना तथा कार्यक्रमको लागत अनुमान, लेआउट, डिजाइन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

१९. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा दुवै पक्षको

उपस्थितीमा कार्यालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

२०. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकरी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

**21 खारेजी र बचाउः** (१) यो कार्यविधि कार्यान्वयनपूर्व सञ्चालन रहेका देहायका कार्यविधिहरू खारेज गरिएको छ।

(क) कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८,

**अनुसची-१**

(दफा ०५ सँग सम्बन्धित)

**सूचनाको ढाँचा**

प्रथम पटक सूचना प्रकाशन मिति........

२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....................कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ........ दिन भित्र (मिति................गते सम्म) यस कार्यालय तथा मातहतका कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट ......................... बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ....................मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन (अनुसूचि ०२ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ०४ वा ०५ बमोजिम)।
६. सम्बन्धित वडको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (०५ वर्ष वा तोकिएको

अवधिको) करार पत्र।

**नोट**: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरुको विवरण थपघट गर्न सकिने छ ।

## अनुसूची-२

(दफा ०६ सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख ज्यू, मितिः ........................

.................................. (कार्यालयको नाम),

..............................., लुम्बिनी प्रदेश।

विषयः ...................... कार्यक्रम संचालनको लागी प्रस्ताव सहितको निवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ..............मा प्रकाशित भएको सूचना अनुसार .................................................. कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छु/छौं।

**संलग्न कागजातहरु:**

| प्रस्तावकको निवेदन | छ | छैन |
|---|---|---|
| दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि | | |
| स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि | | |
| कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| सम्बन्धित वडाको सिफारिस पत्र | | |
| अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि | | |
| नागरिकता प्रमाणपत्रको प्रतिलिपि | | |
| अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा) | | |
| जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र) | | |

माथि उल्लेखित विवरण तथा कागतपत्रहरु सहि सत्य छन्। विगत तिन वर्ष देखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान बाहेक यसै प्रकृतिको कामका लागी अनुदान लिएको छैन ।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्यः *कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ।*

## अनुसूची-०३

(दफा ६ सँग सम्बन्धित)

**प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन चाहने इच्छुकले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा**

मितिः

श्री ................ ज्यू,

................................................. ।

विषयः प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा सहभागिता सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा मिति .......................... मा प्रकाशित सूचना अनुसार यस ..............................ले उत्पादन ................. बाली/वस्तु प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक रहेकोले तपसिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छौं।

**तपसिल :**

| | | छ | छैन |
|---|---|---|---|
| 1. | समूह/सहकारी वा सस्था वा कम्पनी दर्ता/ नवीकरणको प्रमाणपत्र | | |
| 2. | कर चुक्ता प्रमाणपत्र | | |
| 3. | संस्थाको हकमा गत वर्षको लेखापरीक्षणको प्रतिवेदन | | |
| 4. | कार्ययोजना | | |
| 5. | कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरु | | |
| 6. | सम्बन्धित स्थानीय तहको सिफारिस | | |
| 7. | अन्य उल्लिखित कागजातहरू | | |

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्यः *कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ।*

## अनुसूची–०४

(दफा ६ सँग सम्बन्धित)

**कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा (कृषि तर्फ)**

कार्यक्रमको नामः

जिल्लाः गा.पा..ः

वडा नं.ः टोलः गाउँः सम्पर्क नः

कृषक/समुह/सहकारी/फर्म/कम्पनीको नामः

सम्पर्क ब्यक्ति वा सञ्चालकको नामः सम्पर्क नं (अनिवार्य)..............

१. व्यवसायको परिचयः तपाईंले के कस्तो काम गर्न खोज्नु भएको हो किन कसरी र कहिले गर्न खोज्नु भएको हो भन्ने कुरा लेख्नुहोस्?

गर्न खोजेको कामः

किन गर्नेः

कसरी गर्नेः

कहिले गर्नेः

२. उद्देश्यहरु : मूख्यतया के उद्देश्यका लागि अनुदान लिन चाहनु भएको हो?

क उत्पादन गर्ने ( ) ख प्रशोधन गर्ने ( ) ग बजारिकरण गर्ने ( ) घ अन्य ...............( )

३. कृषि व्यवसायमा अनुभव : अनुदान लिन चाहनु भएको विषयमा तपाईसंग कति वर्ष काम गरेको अनुभव छ ? ..........................वर्ष

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

.............................. गापा/नपा ...................... गाउँटोल ........ कार्यालयबाट कति टाढा छ? ............................... किमि

उक्त स्थानमा हाल लगाईएका प्रमुख बालीहरुः

१. २. ३.

सडकको पहुँचः पक्की सडक ( ) कच्ची सडक ( ) मौसमी सडक ( ) नभएको ( )

५. व्यवसाय सञ्चालनका लागि आवश्यक रहेका पूर्वाधारहरुः तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा निम्न सुविधाहरु छन् कि छैनन् छन् भने कस्ता छन्? छ ( ) /छैन ( )।

यदि छ भने सिंचाईको स्रोतः कुलो..../ पोखरी..../बोरिङ्ग...../अन्य........... आदि।

वर्ष भरी सिँचित क्षेत्रफल...... मौसमी क्षेत्रफल........ असिँचित क्षेत्रफल......

भण्डारण सुविधा छ /छैन छ भने के हो? ................................

यन्त्र/उपकरणः तपाईंले के कस्ता कृषि यन्त्र उपकरणहरुको प्रयोग गर्ने गर्नु भएको छ?

| यन्त्र उपकरणहरुको नाम | संख्या |
|---|---|
| क. | |
| ख. | |
| ग. | |
| घ. | |

अन्य पूर्वाधार संरचनाहरु के के छन? (उल्लेख गर्ने)

| पूर्वाधार संरचनाहरु | किसिम | क्षमता |
|---|---|---|
| क. | | |
| ख. | | |
| ग. | | |

६. तालिम सम्बन्धी विवरण : तपाईंले अनुदान माग गर्नुभएको विषयमा तालिम लिनु भएको छ कि छैन, छ भने कुन विषयमा कति दिनको र कहिले कसले दिएको हो? प्रतिलिपि सहित राख्नुहोस।

| क सं | तालिमको विषय | अवधि | | तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | देखी | सम्म | | |
| | | | | | |

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्ययोजना विवरणः

| क.सं. | क्रियाकलापहरु | परिमाण | दर | कूल लागत रु | माग गरेको अनुदान रकम रु | प्रस्तावकको साझेदारी रकम रु | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. उत्पादन सामग्री तथा उत्पादित बाली/ वस्तुको बजार योजनाः

| उत्पादन सामग्रीको किसिम | खरीद गरिने स्थान | उत्पादन हुने बाली/बस्तुको नाम | बिक्री गर्ने स्थान | अनुमानित उत्पादन (परिमाण क्वि.) | प्रचलित विक्री मुल्य | आम्दानी रू. |
|---|---|---|---|---|---|---|
| बीउ | | | | | | |
| विरुवा | | | | | | |
| मल | | | | | | |
| विषादी | | | | | | |
| औजार /यन्त्र उपकरण | | | | | | |
| अन्य | | | | | | |

९.प्रस्तावित व्यवसायमा संलग्न हुने कृषकहरुको विवरण (समूह/सहकारी/समितिको हकमा)

| क.स. | नामथर | ठेगाना | खेती गरिने बाली/बस्तु | क्षेत्रफल (कठ्ठा/रोपनी) | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| *नोटः यो तालिका अनुसारको विवरण राखी बैठकबाट निर्णय गरि पठाउने।* | | | | | |

१०. प्रस्तावित योजना सञ्चालन पश्चात विक्री योग्य उत्पादन हुने हुन्छ ? हुन्छ ( )/हुँदैन ( ) वा खेति प्रणालीमा मात्र सुधार हुन्छ ( ) ? विक्रि योग्य उत्पादन हुने भए परिमाण .............. क्वि.

कृषि उपज विक्री सम्बन्धी सम्झौताः भएको ( )/नभएको ( ) (बिक्रि सम्झौता भए प्रतिलिपी राख्ने)

११. सञ्चालन हुने कार्यक्रमबाट वातावरणमा नकारात्मक प्रभाव पर्छ ( )/पर्दैन ( )
पर्ने भए प्रभाव न्यूनिकरणका लागि के गर्नु हुन्छ?..................................................

कार्यक्रमबाट थप हुने रोजगारी श्रृजनाः

- स्वरोजगार कति जना? (आफ्नो घरको मात्र) ......................
- स्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक)..................
- अस्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक)...............

१२. व्यवसाय दिगो हुने आधारहरूः क. ख. ग.

आवेदकको तर्फबाट सही गर्नेको नामः
दस्तखतः
पदः
सम्पर्क नः

सस्थाको छाप
मितिः

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले कार्ययोजनाको ढाँचा थप/घट गरि परिमार्जन गरी तयार गर्न सक्नेछ ।

## अनुसूची–०५

(दफा ६ संग सम्वन्धित)

**कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (पशुपन्छी तर्फ)**

कार्यक्रमको नामः

जिल्लाः गा.पा.: वडा नं.: टोलः गाउँः

आवेदकको नामः

सञ्चालक/अध्यक्षको नामः सम्पर्क नं :

१. व्यावसायको परिचयः

२. उद्देश्यहरु :

३. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

| पूर्वाधार संरचनाहरु | किसिम | क्षमता |
|---|---|---|
| क. | | |
| ख. | | |
| ग. | | |

५. व्यवसाय सम्भाव्यताका आधारहरू (उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारिकरणका सम्भागहरू बारे विस्तृत विवरण)

क. .......................
ख. .......................
ग. ........................
घ. ........................

६. पशुपन्छी पालन व्यवसायमा अनुभवः

७. तालिम सम्बन्धी विवरण :

८.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलापहरू | अनुदान रु. | संस्थागत लगानी रु. | अन्य निकायको अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

११.प्रस्तावित व्यवसायमा संलग्न हुने कृषकहरुको विवरण (समूह/सहकारी/समितिको हकमा)

| क्र.स. | नामथर | ठेगाना | पशु/बस्तु | संख्या | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| *नोटः यो तालिका अनुसारको विवरण राखी बैठकबाट निर्णय गरि पठाउने।* | | | | | |

१०. वस्तु उत्पादन तथा बजार योजनाः

| उत्पादन हुने पशु/बस्तुको नाम | संख्या | उत्पादन | अनुमानित उत्पादन (परिमाण के.जी. वा लि.) | प्रचलित विक्री मुल्य | आम्दानी रू. |
|---|---|---|---|---|---|
| बोका/भेंडा | | मासु | | | |
| गाइ/भैंसी | | दुध | | | |
| कुखुरा | | अण्डा | | | |

११. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तताः ( ) प्रभाव पार्ने वा ( ) नपार्ने

१२. व्यवसाय दिगो हुन्छ भन्ने आधारहरुः

क. ......................

ख. ......................

कार्ययोजना पेश गर्नेः

नामः ......................

दस्तखतः ......................

पदः ......................

मितिः ......................

संस्थाको छापः ......................

**अनुसूची-०६**

(दफा ७ सँग सम्बन्धित)

**<u>प्रस्ताव मूल्याङ्कनका आधारहरु</u>**

**<u>क) प्रस्ताव मूल्याङ्कनका आधारहरु (प्रारम्भिक मुल्यांकन)</u>**

सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागि छनोट गर्नुपर्ने ।

**<u>ख) प्रस्ताव मूल्याङ्कनका आधारहरु (स्थलगत निरक्षण मुल्यांकन)</u>**

जिल्लाः

आवेदक संस्थाको नामः सम्पर्क व्यक्ति मो.नम्बर:

प्रस्तावित कार्यक्रमको नामः कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

**मूल्याङ्कन फाराम**

| क्र.सं. | विवरण (सूचक) | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधार र संभावनाको अवस्था | २० | | |
| २. | व्यवसाय व्यवस्थापनको अवस्था र संभावना | १० | | |
| ३ | प्राविधिक रूपमा उपयुक्त स्थान वा अवस्थिति | १० | | |
| ४ | रोजगारी सृजनाको अवस्था (प्रति १ जना १ अंक दिने) | ५ | | |
| ५ | वातावरणीय/सामाजिक प्रभाव | ५ | | |
| ६ | उत्पादित वस्तुको बजार सम्भावना | 5 | | |
| ६.१ | *आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)* | 5 | | |
| ६.२ | *उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने* | ३ | | |
| ६.३ | *बजारीकरणको लागि आफ्नै आउटलेट नभएको, सम्झौता पनि नभएको, अनौपचारिक बजारिकरण भएको* | 2 | | |
| 7 | सम्बन्धित व्यवसाय विस्तार गर्न सक्ने क्षमता, निरन्तरता र उत्पादकत्व बृद्धि हुन सक्ने सम्भावना | १५ | | |
| ८. | आर्थिक पक्ष तथा लगानी क्षमता, सम्बन्धित ब्यवसायको अनुभव | ५ | | |
| ९ | सम्बन्धित विषयमा तालिम/अध्ययन गरेको वा सम्वन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव (कम्तीमा १ वर्ष) | ५ | | |
| १० | जग्गाको उपलब्धता *(भए १० नभए ०)* | 10 | | |
| ११ | समावेशीता *(दलित, मुक्त कमैया, हलिया, महिला, मुस्लिम, मधेशी, जनजाति, पिछडावर्ग ५) अन्य ०* | ५ | | |
| १२ | अन्य बस्तुगत अवस्था *(राम्रो ५ ठीकै ३ सन्तोषजनक २, कमजोर ०)* | ५ | | |
| | जम्मा | १०० | | |

*मूल्याङ्कन मापदण्डको कूल अंकको कम्तीमा ६० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र  छनोटका लागि प्राथमिकिकरण सूचिमा समावेश गरिनेछ।*

द्रष्टव्य: दफा १० को उपदफा बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिले कार्यक्रमको उद्देश्य अनुसार सूचकको विस्तृतीकरण गर्नु परेमा विस्तृतीकरण सहित अङ्क विभाजन गरी मूल्याङ्कन गर्न सक्नेछ। तर सूचकमा थपघट गर्नु परेमा निर्देशक समितीको स्वीकृति लिनु पर्नेछ।

## अनुसूची – ०७

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

## सम्झौता-पत्र

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ...................... कार्यक्रमको लागि बढैयाताल गाँउपालिका (यस पछी प्रथम पक्ष भनिने) र छनोट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... ...... (यस पछी दोश्रो पक्ष भनिने) बीच **मिति २०   /..../.... गते** तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता गरी लियौं/दियौं।

**शर्तनामाहरु:**

१. यो सम्झौता, सम्झौता भएको मिति देखि मिति ....................सम्म लागु हुनेछ।

२. दोश्रो पक्षले प्रस्तावित कार्यक्रम बर्दिया जिल्ला बढैयाताल गा.पा.वडा नं ....... गाउँ/टोल............मा सञ्चालन गर्नेछ।

३. प्रथम पक्षले सम्झौतानुसार कूल कार्यक्रम लागत रु. ... ... ... मध्ये अनुदान/सामग्री सहयोग वापत रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) वा खर्चको अधिकतम .......% दोस्रो पक्षलाई उपलब्ध गराउने रकममा नियमानुसार लाग्ने कर तथा कन्टिन्जेन्सी कट्टा गरी खाता मार्फत भुक्तानी गर्नेछ। कार्यक्रमको बाँकी रकम रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) दोस्रो पक्ष स्वयंले ब्यहोर्नु पर्नेछ।

४. दोश्रो पक्षले कार्यसम्पन्न भएको कामको बिल/भरपाई, जिन्सी सामग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने छ।

५. दोश्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले प्राविधिक तोकि कार्यको प्रगति अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा भुक्तानी गर्नेछ। कार्य सम्पन्न भई भुक्तानी भएमा सम्झौता बमोजिमका संरचना/सामग्रीहरु दोस्रो पक्षलाई स्वतः हस्तान्तरण हुनेछ।

६. दोश्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्ने छ। सम्झौता बमोजिम निर्धारित समय भित्र कार्य सम्पन्न नगरेमा प्रथम पक्षले भुक्तानी गर्ने छैन।

७. प्रथम पक्षले कुनैपनि बखत सम्झौतानुसारको कार्य भए/नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने छ र सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

९. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी तोकिएको ढाँचामा सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्ने छ।

१०. अनुदान कार्यक्रमबाट सामुहिक स्वामित्व हुनेगरी खरीद गरिएका मेसिनरी/संरचना सहुलियत दरमा परिचालन गर्नुपर्ने छ।

११. दोस्रो पक्षले कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरण प्रथम पक्षलाई आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

१२. सम्झौता भई कार्यक्रम सञ्चालन तथा सम्पन्न पश्चात स्थापना भएको संरचना वा प्रविधिको सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन र अप्रत्यासित विपदका दायित्व र जिम्मेवारी दोस्रो पक्षले ब्यहोर्नुपर्ने छ।

सम्झौतामा उल्लेख दुई पक्षिय सम्झौतामा कुनै परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा सम्झौताको अवधि नसकिदै गर्न सकिने छ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन।

*नोटः कार्यालयले सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थप/घट गर्न सक्नेछ।*

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

| **<u>रोहवर</u>** | **<u>रोहवर</u>** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

**अनुसूची-०८**

(दफा ८ को उपदफा (२) र १७ को उपदफा (४) सँग सम्बन्धित)

**<u>दोहोरो अनुदान नलिएको स्वःघोषणा</u>**

श्रीमान् प्रमुखज्यू

............................................

..............................................।

..................................................को आर्थिक वर्ष २०.../२०.... स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिने रकम/सामग्री/उपकरण/अन्य वस्तु लिन इच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट प्रदान गरिएको रकम/सामग्री/उपकरण/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तिबाट नियमानुसार ब्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षरः

नामथरः ...............................

ठेगानाः ................................

सम्पर्क नं. ............................

ईमेलः .................................

सस्थाको छापः.................................

**अनुसूची-०९**
**दफा-४ को कृषि पशुपंक्षी तालिम तथा गोष्ठी संचालन गर्दा खर्चको मापदण्ड**

| क.सं. | प्रयोजन/ विवरण | दर रु. | स्पष्टीकरण कैफियत |
|---|---|---|---|
| १ | यस गाउपालिकाको स्वीकृत आन्तरिक तर्फको कृषि तथा पशुपंक्षी शाखा मार्फत संचालन गरिने तालिमको कार्यपत्र प्रस्तुतकर्ताको पारिश्रमिक (प्रति कक्षा)<br>क) अधिकृत स्तर (कार्यपत्र तयार तथा वाचन वापत)<br>ख) साहायक स्तर (कार्यपत्र तयार तथा वाचन वापत) | २०००/- (वाह्य प्रशिक्षक)<br>१५००/- (आन्तरिक प्रशिक्षक)<br>१२००/- (वाह्य प्रशिक्षक)<br>१०००/- (आन्तरिक प्रशिक्षक) | • तालिममा प्रशिक्षक द्धारा कम्तीमा १:३० घण्टाको प्रस्तुतीकरण गर्नु पर्ने छ<br>• बाह्या प्रशिक्षक भन्नाले यस गाँउपालिका कर्मचारी भन्दा बाहिरबाट बोलाउनु परेमा यस्ता प्रशिक्षकलाइ दै.भ्र.भ.उपलब्ध गराउन सकिने छ ।<br>• आन्तरिक प्रशिक्षक भन्नाले सम्बन्धित निकायकै कर्मचारी बुझ्नु पर्छ । |
| २ | कार्यपत्रको टिप्पणीकर्ता पारिश्रमिक (प्रति कार्यपत्र) | १०००/- | एउटा कार्यपत्रमा एक जना भन्दा बढि टिप्पणीकर्ता राख्न मिल्ने छैन । |
| ३ | तालिम,गोष्ठी जस्ता समारोहमा उदघाटन, समापनमा खाजा र खाना प्रति व्यक्ती प्रति दिन।<br>क) खाजा<br>ख) खाना | २००/-<br>६००/- | • खाजा संयोजक, प्रतिवेदक,प्रशिक्षक, लगायत तालिमका सहभागीहरु सवैलाइ उपलब्ध गराइने छ ।<br>• तालिम तथा गोष्ठीमा खाना खुवाउनु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट स्वीकृती लिनु पर्ने छ ।<br>• कार्यक्रममा बाहिरबाट कोइ विशिष्ट व्यक्तीको आगमन भएको अवस्थामा एकमुष्ठ रु २०००/- प्र.प्रा.अ.ज्यूबाट स्वीकृती लिइ खर्च गर्न सकिने छ । |

| | | | |
|---|---|---|---|
| ४ | मसलन्द खर्च:<br>क) तालिमका सहभागीकालागी प्रति सहभागी<br>ख) प्रशिक्षण कार्यकालागी प्रति कार्यक्रम<br>ग) कार्यक्रम संचालन व्यानर | रु १००/-<br>रु ३०००/-<br>रु १०००/- | • तालिम सहभागीको मसलन्द भनेको पेन,डायरी र क्लीयर ब्याग हुन्छ ।<br>• प्रशिक्षण कार्य मसलन्द अन्तरगत बोर्ड मार्कर, ब्राउन पेपर, मास्किङ्ग टेप, मास्क र सेनिटाइजर लगायत अन्य आवश्यक सामग्री ।<br>• आवश्यकता अनुसारको व्यानरमा बढिमा रु १०००/- खर्च गर्न सकिने छ । |
| ५ | विभिन्न भत्ताहरु:<br>क) कार्यक्रम संयोजक<br>ख) प्रतिवेदक<br>ग) अनुगमन<br>घ) सरसफाइ सहयोगी | रु ५००/-<br>रु १०००/-<br>रु १०००/-<br>रु ५००/- | • संयोजक भत्ता तालिम अवधिभर प्रतिदिन रु ५००/-को दरमा उपलब्ध गराइने छ ।<br>• प्रतिवेदक भत्ता पहिलो दिन रु १०००/- यस पछिको दिनको रु ५००/- को दरले हुने छ ।<br>• कार्यालयबाट कार्यक्रम संचालनको शिलशिलामा गरिने अनुगमन र यसमा एक दिनमा बढिमा ४ जना अनुगमन कर्तालाइ अनुगमन भत्ता उपलब्ध गराउन सकिने छ ।<br>• तालिम संचालन हल तथा वरिपरिको परिसर सरसफाइ वापत प्रतिदिन रु ५००/-को दरले उपलब्ध गराउन सकिने छ |
| ६ | विविध खर्च | रु ५०००/- | • यस अन्तरगत सहभागीलाइ प्रमाण पत्र, पिउने पानी लगायत अन्य आवश्यक खर्च समावेश गर्न सकिने छ । |
| ७ | तालिमका सहभागीहरुलाइ आतेजाते सुविधा<br>क) पालिका स्तरीय तालिममा<br>ख) वडा स्तरीय तालिममा | बढिमा रु ५००/- प्रति सहभागी प्रति दिन ।<br>बढिमा रु ३००/- प्रति सहभागी प्रति दिन । | उपरोक्त रकम सहभागीको दूरी अनुसार घटबढ हुन सक्ने छ । |

हिमालय त्रिपाठी
अध्यक्ष